# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## अजयमेरु गाउँपालिका

### डँडेलधुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## अजयमेरु गाउँपालिका
### डँडेलधुरा





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## अजयमेरु गाउँपालिका

### डँडेलधुरा

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय सुदूरपश्चिम प्रदेश

पत्र संख्या: २०७९।८०
च.नं. ५२०

मिति: २०७९।१२।२९

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
अजयमेरू गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
डडेल्धुरा ।

**कैफियत सहितको राय**

हामीले अजयमेरू गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.६ करोड २४ लाख ४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१२ लाख ४८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ करोड २८ लाख ८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २४ लाख ९९ हजार र पेश्की रू.५८ लाख ४९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रू.१ करोड ३८ लाख ६७ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरूजू समेत हालसम्मको अद्यावधिक बेरुजू रू.७ करोड ६२ लाख ७१ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

अजयमेरू गाउँपालिका, डडेल्धुरा

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रू. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९४ | १९१ | ६२४०४ | ० | ० | ० | ९४ | १९१ | ६२४०४ | १२४८ | १२४९९ | ४२८०८ | ० | ० | ५५३०७ | ५८४९ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रू. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| अजयमेरू गाउँपालिका, डडेल्धुरा | १३८६७ | ० | ० | १३८६७ | ० | ६२४०४ | ७६२७१ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : अजयमेरु गाउँपालिका, डडेलधुरा , अजयमेरु गाउँपालिका , डँडेलधुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गंगाराम सापकोटा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हेमराज भट्ट | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ६२,४०४,१८९.१३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,०९,९९,५६५.८७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७,२३,४६,९०१.१ | **चालु खर्च** | ३०,६४,२२,९४५.८१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,१८,७०,५०६ | **पूँजीगत खर्च** | १५,३२,०१,४१९ |
| **राजश्व बाँडफाँट** | ६,४२,९१,४६७.१९ | **वित्तीय/अन्य व्यवस्था** | ८,६३,५५,३३७.८६ |
| **आन्तरिक आय** | ४१,७२,३३४.३२ | | |
| **अन्य आय** | ८,८३,९७,३९७ | | |
| **कुल आय** | ५५,१०,७८,६०५.६१ | **कुल खर्च** | ५४,५९,७९,७०२.६७ |
| **बाँकी मौज्दात** | | २,६०,९८,४६८.८१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय -**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा,३३ सभा सदस्य,१४८.९वर्ग किलोमिटर क्षेत्रफल तथा १७०६६ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण -**<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।६।६ मा व्यवस्थापनसँग छलफल भएको छ । लेखापरिक्षणवाट देखिएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| ३ | | | **वित्तीय विवरण -**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको भए तापनि आर्थिक विवरणले सम्पूर्ण कारोबार एकिकृत विवरण प्रस्तुत गर्दैन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • पालिकाले यस आर्थिक वर्षमा रु.५७२०७८१७१।४८ को आय व्यय विवरण पेश गरेकोमा सामाजिक सुरक्षा तर्फको रु.६८६११७२८।०, गरिबसँग विश्वेश्वर कार्यक्रम तर्फको रु.४०९५५०।० र स्थानीय तह प्रशासकिए भवन पूर्वाधार कार्यक्रम तर्फ रु.१३९२५९८२।० समेत रु.८२९४७२६०।० सुत्रको म.ले.प. फाराम नं.२७२ मा समावेश भएको छैन । कार्यालयको सम्पूर्ण आर्थिक कारोबार फरक सफ्टवेयरको प्रयोगको कारण एकिकृत आर्थिक विवरणमा समाबेश भएको पाइएन । एकै सफ्टवेयरको प्रयोग गर्ने तथा समग्र कारोबार समवेश हुने गरी एकीकृत आय व्यय निर्माण गर्नेतर्फ सम्बन्धित निकाय र पालिकाको ध्यान जानुपर्दछ । अतः तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन ।<br>• कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि, 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। | |

<table>
<tr>
<td></td><td></td><td></td>
<td>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३१ जनाको दरबन्दी रहेकोमा ४ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td>
<td></td>
</tr>
<tr>
<td>५</td><td></td><td></td>
<td>बेरुजु लगत<br><br>महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेको थियो । सो परिपत्र अनुसार कार्यालयले महालेखा नियन्त्रक कार्यालयबाट लागू गरेका फारामको अनिवार्य रुपमा राख्नुपर्दछ । पालिकाले बेरुजु लगत खाता म. ले. प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म. ले. प. फा. नं. ८०५ लगायत बेरुजु लगत र फस्यौंटका लागि आबश्यक म. ले. प. फा. नं. प्रयोगमा ल्याउनु पर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>६</td><td></td><td></td>
<td>क्षेत्रगत बजेट र खर्चको स्थिति -<br><br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><br>
<table>
<tr><th>क.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

| | | | | जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६८७३५४६८.० | ५५१२६६०६.० | ११.९९ |
| २ | पूर्वाधार विकास | ८४३९७६४४.० | ७६८७०१८२.० | १६.७२ |
| ३ | सामाजिक विकास | २४०६५३६४२.० | २१२८७७६४२.१० | ४६.३२ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २१९८०००.० | १७८९२२०.० | ०.३९ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२५०२२२४६.० | ११२९५२७११.७१ | २४.५८ |
| जम्मा | | ५२१००७०००.० | ४५९६१६३६१.८१ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४६.३२ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा कम ०.३९ प्रतिशत रहेको छ। बातावरण तथा विकास मा वजेट विनियोजन भएको छैन।

७ **खर्च बिश्लेषण -**

पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ४१ लाख ७२ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.४५ करोड ८४ लाख ०९ हजार समेत रु.४६ करोड २६ लाख ८१ हजार आम्दानी भएकोमा चालु तर्फ रु ३० करोड ६४ लाख २३ हजार र पूँजिगत तर्फ रु. १५ करोड ३२ लाख १ हजार समेत रु. ४५ करोड ९६ लाख २४ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.६७ प्रतिशत चालु र ३३.३३ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

८ **बजेट पेश, पारित र अख्तियारी-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत

| | | | | |
|---|---|---|---|---|
| | | | भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री बसन्ती पालले मिति २०७८।३।१० गते रु.५२ करोड १० लाख ७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।३०मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ९ | | | **बजेट सीमा निर्धारण समिति -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १० | | | **बजेट तथा कार्यक्रम तर्जुमा -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ११ | | | **लेखा फाराम**<br><br>महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेको थियो । सो परिपत्र अनुसार यस कार्यालयले निम्न अनुसारका नयाँ लेखा फारामहरु प्रयोगमा ल्याउनु पर्नेमा ल्याएको देखिएन । तोकिए फारामहरु प्रयोगमा नल्याउदा पालिकाको लेखा तथा जिन्सीलगायतका अभिलेख अद्यावधिक र भरपर्दो रहेका छन भनि विश्वस्त हुने अबस्था रहेन । तोकिए अनुसारका सबै म. ले. प फाराम प्रयोगमा ल्याउनु पर्दछ ।<br>राजश्व लेखासम्बन्धी फारामहरु<br>नगदी/प्राप्ती रसिद १०१<br>दैनिक राजस्व/आम्दानी खाता १०२<br>राजश्व/आम्दानीको शीर्षकगत खाता १०४<br>राजश्व आम्दानीको गोस्वारा खाता १०५<br>राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता १०६ | |

राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोस्वारा खाता १०७
राजश्व आम्दानी बैंक नगदी किताब १०८
आन्तरिक नियन्त्रणसम्बन्धी फारामहरु
रसिद नियन्त्रण खाता ९०४
सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५
भ्रमण प्रतिबेदन ९०९

१२ **चौमासिक पूँजीगत खर्च -**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|
| | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** |
| चालु खर्चतर्फ | ३०६४१४ | ६९७०७ | १००२७९ | १३६४२९ | ९,०६,४० |
| पूँजिगत खर्चतर्फ | १५३२०१ | ८६४४ | ३९३४० | १०५२१८ | ७५४३० |
| जम्मा | ४५९६१५ | ७८३५१ | १३९६१७ | २४१६४७ | ७५४३० |
| प्रतिशत | १०० | १७.०५ | ३०.३८ | ५२.५८ | १६.४१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४५ करोड ९६ लाख १५ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ७ करोड ८३ लाख ५१ हजार अर्थात १७.०५ प्रतिशत, दोश्रो चौमासिकमा रु.१३ करोड ९६ लाख १७ हजार अर्थात ३०.३८ प्रतिशत र तेश्रो चौमासिकमा रु.२४ करोड १६ लाख ४७ हजार, अर्थात ५२.५८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.७ करोड ५४ लाख ३० हजार अर्थात १६.४१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१३ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन —**

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १४ | | | **गत बर्षको दायित्व -**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा कुनै पनि रकम भुक्तानी दिन बाँकी रहेको उल्लेख नगरेकोमा यो बर्ष ( आर्थिक वर्ष २०७८।७९) रु.२१ लाख भुक्तानी दिन बाँकी रहेको विवरण उपलब्ध गराएको छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| १५ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १६ | | | **वडा सचिवको पदपूर्ति -**<br><br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><br>वडा संख्या \| वड सचिवको दरबन्दी \| वडा सचिवको पदपूर्ति \| रिक्त वडा सचिव<br>६ \| ६ \| ३ \| ३ | |

| १७ | | | **सेवाप्रवाहको स्थिति -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ११ वटा ऐन, ८ वटा नियमावली र ३३ बटा कार्यबिधि/निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ । | |
|---|---|---|---|---|

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | २ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १२३३ |
| मृत्युदर्ता | ३२१ |
| बसाईसराई दर्ता | २२४ |
| विवाह दर्ता | ४०५ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक स्थिति देखिएन ।

| | | | | |
|---|---|---|---|---|
| १८ | | | **कानून र सञ्चालन स्थिति —**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ८ वटा नियमावली, १८ कार्यविधि लगायत ५२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । | |
| १९ | | | **न्यायीक समिति —**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकामा न्यायिक समितिमा यस वर्ष कुनै पनि विवाद दर्ता नभएको उल्लेख छ । | |
| २० | | | **आर्थिक सहायता —**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर आर्थिक वर्ष ०७८।७९ मा पालिकाबाट रु.२५०० देखि रु२५००० सम्मका दरले १५० जनालाई आर्थिक सहायता वितरणमा रु. ७००००० खर्च भएको छ । जुन आन्तरिक आय रू ४१७२३३४।३२ को १६.७८ प्रतिशत हुन्छ। आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २१ | | | **खाना तथा विविध खर्च —**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.९३७०००।० खर्च गरेको छ । जुन आन्तरिक आय रू ४१७२३३४।३२ को २२.४६ प्रतिशत हुन्छ। अधिक रूपमा विविध खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ। | |
| २२ | | | **बार्षिक खरिद योजना/गुरुयोजना -**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५ करोड ३२ लाख २० हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| २३ | | | **सवारीसाधन खरिद —**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । गत विगत वर्षमा १० थान मोटरसाइकल, १ थान कार/जीप, १ थान डोजर/लोडर, १ थान ट्रक/ट्याक्टर, १ थान एम्बुलेन्स र १ थान अन्य सवारी साधन रहेकोमा यस आर्थिक वर्षमा कुनै पनि सवारी साधन खरिद गरेको छैन । | |
| २४ | | | **आयको अनुमान-**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३७५००००.० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.४१६४३३१.३ अर्थात अनुमान भन्दा १११।०५ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २५ | | | **सफ्टवेयर खरिद -**<br><br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले VMS for election commission सम्बन्धी सफ्टवेयर खरिद गरी रु.१८००००।० को सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| २६ | | | **समिति गठन-**<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेकोपाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| २७ | | | **कार्य योजना -**<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र | |

<table>
<tr><td></td><td></td><td></td><td>सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>वार्षिक प्रतिवेदन —<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>विपद् व्यवस्थापन कोष —<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रु. १०८६३५।२१ रहेकोमा यस आर्थिक वर्षमा कुनै आम्दानी नभई जम्मा आय रु. १०८६३५।२१ कायम भएकोमा रु. १०५२९५।८६ खर्च गरी रु. ३३३९।३५ बाँकी रहेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>कोभिड कोष —<br><br>पालिकाको यस आर्थिक वर्षमा कोभिड रोकथाम तथा नियन्त्रण कोषमा भएको आय व्ययको विवरण देहायबमोजिम रहेको छ ।<br><br>
<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम रु.</th><th>खर्च शिर्षक</th><th>रकम रु.</th></tr>
<tr><td>गत बर्षको बाँकी</td><td>०</td><td>राहत वितरण</td><td>०</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटवाट</td><td>९९१७५</td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td>०</td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td>३७७००००</td><td>औषधी एवं स्वास्थ्यउपकरण खरिद</td><td>९९१७५</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td>०</td><td>आइसोलेसन केन्द्र निर्माण</td><td>०</td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td>१३२०००</td><td>खोप कार्यक्रम खर्च</td><td>१३२०००</td></tr>
<tr><td></td><td>०</td><td>जोखिम भत्ता</td><td>०</td></tr>
<tr><td></td><td>०</td><td>अन्य खर्च</td><td>३७७००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>०</td><td>बाँकी</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>४००११७५</td><td>जम्मा</td><td>४००११७५</td></tr>
</table>
कोभिड व्यवस्थापनमा खर्च गर्दा स्पष्ट अभिलेख राखी प्रतिस्पर्धाको माध्यमबाट गर्ने कार्यलाई प्राथमिकता दिनु पर्दछ।
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>
भ्रमण खर्च -
सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:
<ul>
<li>अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,</li>
<li>नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको,</li>
<li>भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,</li>
<li>कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको,</li>
<li>स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको,</li>
</ul>
अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>
पेश्की बाँकी -
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कुनै कार्यक्रमको लागी लिएको पेश्की कार्यक्रम समाप्त भएको ३५ दिनभित्र आवश्यक प्रमाण कागजात संलग्न गरि फछ्यौंट गरि सक्नु पर्ने व्यवस्था छ। यस गांउपालिकाले आर्थिक वर्ष को अन्त्य सम्ममा देहाय वमोजिमको पेश्की फछ्यौंट गर्न वाकि रहेको विवरण उपलव्ध गराएको छ। वाकि रहेको म्याद नाघेको पेश्की नियमाअनुसार फछ्यौंट हुनुपर्ने रू
<table>
<tr><td>क्रसं</td><td>पेश्कीको विवरण</td><td>पेश्की लिनेको नाम</td><td>म्याद ननाघेको</td><td>म्याद नाघेको</td></tr>
<tr><td colspan="5">निर्माण व्यवसायी</td></tr>
<tr><td>१</td><td>प्रशासकियभवन निर्माण</td><td>हिमडुङ्गचांदनी जे भी</td><td>५००००००</td><td>०</td></tr>
</table>
</td><td>५,८४९,१०२</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २ | सुदुरपश्चिमप्रदेश सरकार समपुरक अनुदान पुजिगत | एम.बि.टेड्रएण्ड सप्लायर्स | २०४००० | ० |
| ३ | प्रदेशसमपुरक कोष अनुदान | एम.वि.कन्ट्रक्सन | ४३५००० | ० |
| संस्थागत | | | | |
| ४ | मणिलेकमा.वि. भौतिक पूर्वाधार स्तरोन्नति | अनमोलनिर्माण सेवा | ७८३३३३ | ० |
| ५ | मणिलेकमा.वि. भौतिक पूर्वाधार स्तरोन्नति | अनमोलनिर्माण सेवा | ३१६८३३ | ० |
| ६ | प्राविधिकविद्यालय ल्याव व्यवस्थापन अनुदान | बालकल्याणमा.वि. पुइलेक | | ३८३२३५२ |
| उपभोक्तासमिति | | | | |
| ७ | प्लास्टिकघर कलेक्सन सेन्टर रस्टिक घर कोल्डस्टोर निर्माण | श्रीभद्रपुर अगुवा कृषक समुह | | ५६२९६ |
| ८ | प्लास्टिकघर कलेक्सन सेन्टर रस्टिक घर कोल्डस्टोर समेत | श्रीभद्रपुर अगुवा कृषक समुह | | ५६२९६ |
| व्यक्तिगत | | | | |
| ९ | बिमा तथानवीकरण खर्च | तुलारामबोहरा | | २०४९५८ |
| १० | सुरक्षितनागरिक आवास कार्यक्रम | करि चुनारो | ० | २८८०० |
| ११ | सुरक्षितनागरिक आवास कार्यक्रम | कलावतिजोशि | ० | २८८०० |
| १२ | सुरक्षितनागरिक आवास कार्यक्रम | केशव सिहंपार्कि | ० | २८८०० |
| १३ | सुरक्षितनागरिक आवास कार्यक्रम | कैशा लावड | ० | २८८०० |
| १४ | सुरक्षितनागरिक आवास कार्यक्रम | गंगा देवीऐर | ० | २८८०० |
| १५ | सुरक्षितनागरिक आवास कार्यक्रम | गंगारामसार्कि | ० | २८८०० |
| १६ | सुरक्षितनागरिक आवास कार्यक्रम | गम्भिर सिहऐर | ० | २८८०० |

| | | | | |
|---|---|---|---|---|
| १७ | सुरक्षितनागरिक आवास कार्यक्रम | टेक ब ऐर | ० | २८८०० |
| १८ | सुरक्षितनागरिक आवास कार्यक्रम | तारा दत्तभट्ट | ० | २८८०० |
| १९ | सुरक्षितनागरिक आवास कार्यक्रम | दान ब साउद | ० | २८८०० |
| २० | सुरक्षितनागरिक आवास कार्यक्रम | दान सिहंपाण्डेय | ० | २८८०० |
| २१ | सुरक्षितनागरिक आवास कार्यक्रम | दिपकबहादुर ऐर | ० | २८८०० |
| २२ | सुरक्षितनागरिक आवास कार्यक्रम | धर्म सिहंऐर | ० | २८८०० |
| २३ | सुरक्षितनागरिक आवास कार्यक्रम | नारायणदत्त अवस्थी | ० | २८८०० |
| २४ | सुरक्षितनागरिक आवास कार्यक्रम | पार्वतीभट्ट | ० | २८८०० |
| २५ | सुरक्षितनागरिक आवास कार्यक्रम | बल्देव सिऐर | ० | २८८०० |
| २६ | सुरक्षितनागरिक आवास कार्यक्रम | बल्देव सिशाह | ० | २८८०० |
| २७ | सुरक्षितनागरिक आवास कार्यक्रम | बहादुर ऐर | ० | २८८०० |
| २८ | सुरक्षितनागरिक आवास कार्यक्रम | भिम बहादुरचुनारा | ० | २८८०० |
| २९ | सुरक्षितनागरिक आवास कार्यक्रम | मनु देविओड | ० | २८८०० |
| ३० | सुरक्षितनागरिक आवास कार्यक्रम | मुनुपार्कि | ० | २८८०० |
| ३१ | सुरक्षितनागरिक आवास कार्यक्रम | रतन कुमारदमाइ | ० | २८८०० |
| ३२ | सुरक्षितनागरिक आवास कार्यक्रम | राम बहादुरभाट | ० | २८८०० |
| ३३ | सुरक्षितनागरिक आवास कार्यक्रम | लक्ष्मिदत्त भट्ट | ० | २८८०० |
| ३४ | सुरक्षितनागरिक आवास कार्यक्रम | शेर ब मल्ल | ० | २८८०० |
| ४ | ARM/NCB/ W/04-078/79 | Manilekh Ma. Vi. Building Maintenance Work | R.B Construction | ४४६ | 2080/4/15 | | | २०७८।१२।१४ | २०७९।३।१५ | | २०७९।३।१५ | २६४७ | १८३५ | | १७१४ |
| ५ | ARM/NCB/ W/07-078/79 | Ghariejar Lift Irrigation Project | Bharat Nirman Sewa | १२४ | 2080/4/30 | | | २०७९।१।२१ | २०७९।२।१५ | | २०७९।३।१४ | २०९६ | २०७४ | २०७४ | २०६३ |
| ६ | ARM/NCB/ W/07-078/79 | Ward Office Construction Ward no. 3, 5, 6 | MB Construction | २२५ | 2080/4/30 | | | २०७९।१।२२ | २०७९।३।२० | २०७९।८।२० | | ४७३९ | ४४५० | | ११७४ |
| ७ | ARM/NCB/ W/07-078/79 | Administrative Building | Himdung-Thokar Chadani | १३००२ | 2080/6/30 | ७९४७ | 2079/5/29 | २०७८।५।२४ | २०८०।५।२४ | | | १०७६६ | ९२४८७ | | ८३२९ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | ARM/NCB/ W/07-078/80 | 10 Bed bhadrapur hospital | Rajendra Nirman Sewa | १६२०२ | 2024/7/7 | ७४४० | 2022/6/7 | २०७८।६।२६ | २०८०।६।२६ | | | १३३७३३ | ८५०४३ | | |
| ९ | ARM/NCB/ W/03-076/77 | Construction of Chipur health post | RB Construction | १५२९ | २०८०।५।३० | | | 2/18/2077 | 3/15/2078 | 4/30/2079 | | १४८७० | १०२१८ | १०५४३ | १०२३९ |
| १० | ARM/NCB/ W/5-076/077 | Sornaya dageshwori dewal kanakot multipurpose lift water and irrigation project | Pratistha Construction Company Pvt. Ltd | 4820 | 2023 Jul 10 | १६९८५ | 2021 Sep01 | 2/5/2077 | 2079/2/30 | | | ८५९०५ | ८५३२६ | ९२५९० | ४०१३८ |

उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

६९.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेस्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पेस्की लिएको रकम सम्बन्धित काममा खर्च भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था ऐनको दफा ५२ क (६) मा रहेको छ । यस पालिका अन्तर्गत गत विगत वर्ष र यस बर्षमा भएको खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेस्की रकम छुट्टै खातामा जम्मा गराएको नदेखिएको र तोकिएको काममा मात्र खर्च भए नभएको विवरण लिएको पनि देखिएन । ऐन नियमको प्रावधान तथा ठेक्का सम्झौताका शर्तहरु पालना हुने गरी पेश्की उपलव्ध गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

६९.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन । ठेक्का सम्झौता सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गर्ने र म्याद थप गर्दा थप भएको समय अनुसार कार्य तालिका अद्यावधिक गर्ने गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा खरिद नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने

| | | | | |
|---|---|---|---|---|
| | | | समयावधी उल्लेख गर्ने र सोहि अनुसार कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्यावधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्यॉङ्कन तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ । | |
| ६९.४ | | | निर्माण कार्यलाई गुणस्तरयुक्त बनाउन निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तर परीक्षण गर्नु पर्ने भए पनि ठेक्काको प्रकृति अनुसार परीक्षण भए नभएको सम्बन्धमा सम्बन्धित साइट इन्जिनियरले कुनै व्यहोरा उल्लेख र प्रमाण प्रमाण लिने गरेको छैन । तसर्थ प्रत्येक बिलको भुक्तानीमा प्राविधिक नापजाँच एवं मुल्यांकनको अतिरिक्त उक्त भुक्तानीबाट भएको कार्यमा सम्बन्धित साइट इन्जिनियरबाट गुणस्तर परीक्षण गर्नुपर्ने र परीक्षण गरेको प्रत्येक पटक स्पष्टरुपमा खुलाई सिफारिस साथ भुक्तानीको लागि पठाउने व्यवस्था गर्नुपर्दछ ।माथि तालिकामा उल्लेखित सबै ठेक्काबाट भएको निर्माण कार्यको गुणस्तर परीक्षण गरेको प्रमाण रहेको पाइएन । सबै कार्यको गुणस्तर परीक्षण गर्ने गराउने व्यबस्था गरी निर्माण गरेको कार्यको गुणस्तरको सुनिश्चितता हुने व्यबस्था हुनुपर्दछ । | |
| ६९.५ | | | सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको,ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन। अतः निर्माण सम्पन्न कार्यको अद्यावधिक अभिलेख राख्ने र डी एल पी मा रहेका कार्यको सो अवधिमा त्रुटी देखिए त्यसमा सुधार गर्ने कार्यका लागि निर्माण व्यबसायीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ६९.६ | | | सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । पालिकाले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी म्याद थप गर्ने गरेको अभिलेख ठेक्का फाइलमा रहेको देखिएन। निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । | |
| ६९.७ | | | सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा व्यबस्था भएकोमा बाहेक बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ । नियमावलीको नियम १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । तर सो व्यहोरा अनुसार सबै ठेक्कामा बीमा भएको देखिएन । नियमको व्यवस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी वीमा गराउने एंव ठेक्काको म्याद थप हुँदा वीमा अवधि पनि थप गर्नुपर्ने देखिएको छ । | |
| ६९.८ | | | क्र सं ८ मा उल्लेखित १० बेड क्षमताको अस्पताल बनाउने कार्यका लागि पेश गरेको कार्य तालिका अनुसार काम नभएको भनि पटक पटक ताकेता पत्र पठाए पनि लेखापरीक्षण समय २०७९।६।३ सम्ममा कुल निर्माण अबधिको ६३ प्रतिशत अबधि सकिए पनि जगमा राख्ने पिलरमात्र राखी कुनै जानकारी नगराई काम छाडी हिँडेकोले व्यबसायीले लिएको पेश्की रु.६५,६०,३५५।समेत अशुल फस्योंट हुन सकेको पाइएन ।मुख्यरुपमा यस पालिकाका नागरिकका लागि स्वास्थ्य सेवा दिने उदेश्यले उच्च प्राथमिकता साथ निर्माण सुरु गरिएको कार्यमा भएको ढिलासुस्ती छिट्टैनै थप गुणस्तरिय सेवा पाउने कार्यमा ढिलाई हुने अबस्था देखिएकोले यथाशीघ्र निर्माण कार्यलाई अघि बढाउनु आबश्यक प्रकृया सुरु गर्नुपर्ने देखिन्छ । | |
| ६९.९ | | | भेरीयसन<br><br>क्र सं १० मा उल्लेखित खानेपानी तथा सिँचाई योजनाका लागि लागत अनुमान रु.९,७०,२१,३४४।१८ को ठेक्का पट्टा गरेकोमा रु.९,६३,६६,८२४।५४ (पी एस रु.४ लाख र मु अ कर सहित) मा काम सम्पन्न गर्ने गरी सम्झौता भएकोमा मुहान संरक्षणका लागि छेकबार व्यबस्था नरहेको, मुहान संरक्षणका लागि ग्याबियन जाली र मेशिनरीवालको कार्य गराउनै पर्ने अबस्था रहेको, sump well को लागि submersible pump संख्या राख्न छुटेको भनि भेरियसन आदेश जारी गरी सम्झौता रकम रु.१०,४५,७४,९८१।५१ कायम गरेको छ । सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिने परिस्थिति सो सम्झौता कार्यान्यनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाइ तोकिएको अधिकारीले भेरियशन गर्नसक्ने व्यवस्था भए पनि उक्त कार्य पूर्बानुमान गर्न नसकिने कार्यका लागि भेरियसन आदेश जारी गरेको भन्ने अबस्था रहेन ।कुल २२ महिना निर्माण अबधि रहेको उक्त ठेक्काको पुरै अबधि सकिए पनि कुल ४३ प्रतिशत काम सम्पन्न गरी भुक्तानी लगे पनि काम नसकिएकोले एघारौं गाउसभाले एक बर्षका लागि निर्माण अबधि थप गर्ने निर्णय गरेको छ । भेरिएसन गर्नु नपर्ने गरी लागत अनुमान बनाउने तथा काम यथाशीघ्र सम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ६९.१० | | | क्रम संख्या ९ मा उल्लेखित ठेक्काका सम्बन्धमा छडको परिमाण ड्रइङ्ग डिजाइन अनुसार नमिल्ने, जगको गारोको साइज ठूलो राखेको कारणले र क्रम संख्या ५ मा उल्लेखित ठेक्काका सम्बन्धमा माटोको कामको तथा कडा चट्टानको काम बढने र अन्य कामको परिमाणमा समेत थपघट गर्नु परेको कारणले भेरियसन गर्नु परेको उल्लेख छ । सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिने परिस्थिति सो सम्झौता कार्यान्यनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाइ तोकिएको अधिकारीले भेरियशन गर्नसक्ने व्यवस्था भए पनि उक्त दुबै ठेक्काका कार्य पूर्बानुमान गर्न नसकिने भई भेरियसन आदेश जारी गरेको भन्ने अबस्था रहेन। | |

६९.११ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क को उपदफा (२) मा बिषेश कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नु पर्दा त्यस्तो संशोधन शुरुको लागत अंकमा २५ प्रतिशतभन्दा बढी फरक परेमा वा त्रुटिपूर्ण डिजाइन वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार, गर्ने, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानून बमोजिम कारबाहीको भागिदार हुने व्यवस्था छ ।उल्लेखित ठेक्कामा भेरियसन गर्नुपर्ने कारणमा मुख्यरुपमा परामर्शदाताको त्रुटिपूर्ण डिजाइन नै रहेकोले निजहरुले गरेको काममा जिम्मेवार बनाउनु पर्दछ ।

७० **पाइप खरिद** — १,३९१,६७६

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाको जिन्सी मौज्दात अनुसार विभिन्न साइजका ७८५० मि. पाइप खरिद गरि वितरण गरेको देखिन्छ । नमुनाको रुपमा छनौट गरी परिक्षण गर्दा देहायबमोजिम पाइप खरिद गरेको देखिए पनि सबै पाइप जिन्सी दाखिला गरी सम्बन्धित योजनामा जडान भएको प्रमाण पनि संलग्न भएको देखिदैन । खरिद भएका पाइप अनिवार्य रुपमा जिन्सी दाखिला गरी सम्बन्धित योजनामा जडान गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **भौ.नं.** | **कार्यक्रम** | **आपूर्तिकर्ता/भुक्तानी लिने** | **परिमाण** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| २८६ | पाइप खरिद | चटौन ट्रेडर्स एण्ड सप्लायर्स | १२०० मी. | ४८०००.० | गाउँपालिका पूँजीगत |
| ३६९ | पाइप खरिद | एलिसा हार्डवेयर | १८०० मी. | ६६९६०.० | |
| ३४९ | पाइप खरिद | | ५४०० मी. | २६५३९५.० | |
| ७६१ | पाइप खरिद | अनिल मेटल पसल | १२०४९ मी. | ५४९०००.० | गाउँपालिका चालु |
| १९।२०७८।१२।११७ र ४७१।२०७८।१२।११ | पाइप खरिद | जगन्नाथ हार्डवेयर एण्ड सप्लायर्स | १९०० मी. | ७७४५८ | १९७ गा.पा पूँजीगत, ४७१ गा.पा चालु |
| | ग्याविन जालि | | २४ गोटा | ८४००० | गा पा पूँजीगत |
| | सिमेन्ट | | ५० बोरा | ४२५०० | |
| | टिन रंगिन | | २० पिस | १६०४६ | |
| २५३।२०७९।१।९ | ग्याविन बक्स | वैजनाथ हार्डवेयर एण्ड सप्लायर्स | १२ पिस | ४१९९९ | |
| २५४।२०७९।१।९ | पाइप खरिद | | १३५० मि. | १६४९१० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कर्कट पाता | | १२।५ वण्डल | | | |
| | | | २५७।२०७९।१।११ | पाइप खरिद | | १०८० मि | ३५४०८ | | |
| | | | जम्मा | | | | १३,९१,६७६ | | |
| ७१ | | | **अमानतबाट कार्य**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ (१) सार्वजनिक निकायले अमानतबाट कार्य गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृत लिनुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष ३३ योजना सञ्चालन गरी रु.१८,५५,५२३।८४ खर्च लेखेको उल्लेख छ । तर सञ्चालित योजनमा नियमावली अनुसार एक तह माथिको अधिकारीको स्वीकृत लिएको छैन । यसरी नियमावली अनुसार एक तह माथिको अधिकारीको स्वीकृति नै नलिइ अमानतबाट गरेको कार्य नियमसम्मत मान्न नसकिएको रु. | | | | | १,८५५,५२३.८४ |
| ७२ | | | **कार्यालय रंगरोगन**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले वडा नं. २ वडा कार्यालय रंगरोगन कार्यको लागि लागत अनुमान, नापी किताब, कार्यसम्पन्न समेत तयार गरी अमानतबाट कार्य गराइ श्री वीरेन्द्र कुमार ऐरलाई रु.९९,११४।० भुक्तानी दिएको अवस्थामा लागत अनुमान, नापी किताब तयार नगरी डोर हाजिरीको आधारमा पुनः भौ.नं. १३ बाट रु.२८,२००। र भौ.नं. १०२ बाट रु.२५,०००। समेत रु.५३,२००। भुक्तानी दिएको छ । यसरी एकै वर्ष एउटै कार्यालय रंगरोगन गरेको उल्लेख गरी एक पटक नापी किताब तयार गरि र अन्य समयमा डोर हाजिरीको आधारमा भुक्तानी भइ एकै कार्यको लागि दोहोरो भुक्तानी भएको देखिएकोले यस सम्बन्धमा यथार्थता एकिन गरी दोहोरो भुक्तानी हुन गएको देखिए भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | | | | | ५३,२०० |
| ७३ | | | **ग्याविन जाली खरिद**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाको जिन्सी किताब अनुसार सम्बन्धित योजना बाहेक खरिद वितरणको लागि यस वर्ष विभिन्न साइका ५०४ थान जाली गरी वितरण गरेको भर्पाइको आधारमा रु.१३ लाख ८० हजार खर्च लेखेको छ । यसरी वितरण गरेका अधिकांश जाली सम्बन्धित व्यक्तिले माग गरेको निवेदन र तोक आदेशअनुसार वितरण भएको देखिन्छ । जसबाट वितरण गरेका जाली सम्बन्धित कार्यमा उपयोग भएको र फिलिङ्ग भएकोमा एकिन हुन सकिएन । यसरी खरिद गरि वितरण गरिएका जाली वितरण आवश्यकता र प्रभावकारीता एकिन गरेर मात्र वितरण गर्ने तथा वितरित जाली भरेको देखिने गरी नापी किताब तयार गरि राख्नुपर्दछ । | | | | | |
| ७४ | | | **उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको** | | | | | | |

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ । निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समिति सँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले नियमावलीमा उल्लेख भएको व्यवस्थाको पालना गरेर खर्च गर्नुपर्दछ ।

| क.सं. | उपभोक्ता समितिको नाम | उपभोक्ता समिति सँग भएको सम्झौता अंक श्रमदान बाहेक | संलग्न निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको बील पेश भएको रकम ईन्धन समेत |
|---|---|---|---|---|
| १ | खतेडा गणेशधुरा सडक निर्माण | ८१६०००.० | भूमिराज रोसन निर्माण सेवा | १०००२९०.० |
| २ | खतेडा गणेशधुरा सडक निर्माण | ७२५०००.० | | ८९६७५१.९९ |
| ३ | सोर्नया डागेश्वरी सडक निर्माण | १२४८०००.० | सिद्धनाथ निर्माण सेवा | ११५९०१३.० |
| ४ | घोरकट्टे सन्माखोर सडक निर्माण | ७५००००.० | बडैला कन्ष्ट्रक्सन | ७२५०००.० |
| ५ | बरडिल सडक निर्माण | १९२०००.० | पी.डी. अर्थओभर्स | १९००००.० |
| ६ | देउन्नी सिम सडक निर्माण | ५७६०००.० | कल्पना कन्ष्ट्रक्सन | ५१९८००.० |
| ७ | लक्ष्मीपूर लोडा सडक निर्माण | ९७८८८७.० | | १२०५६०९.० |
| ८ | अजयमेरु सडक | १९२०००.० | कालिका निर्माण सेवा | २५३८५४.१९ |
| ९ | कुइन्वाला सडक निर्माण | ९५५००.० | | ११७०७३.४८ |
| १० | दुध पोखरी आमकुण्ड सडक | ९६०००.० | कल्पना कन्स्ट्रक्सन | ९२५००.० |
| ११ | मेलासैनी देहिरोडा भुडसम्म सडक | ९४४६३.० | | ९२५००.० |
| १२ | साउलीखोला देखि भुड र पकिन्नडा देखि भुड खोला तिखा ढुङ्गा सडक | २८८०००.० | चाँदनी कन्स्ट्रक्सन | २९४०००.० |

| | | | | |
|---|---|---|---|---|
| १३ | तामाइनी मेटा सडक | ४८००००.० | कल्पना कन्स्ट्रक्सन | ५८९०४४.१४ |
| | जम्मा | ६५३१८५०. | | ७१,३५,४३५।८ |

| | | | | |
|---|---|---|---|---|
| ७५ | | | **देउल्लि सिम सडक निर्माण कार्य**<br><br>लागत अनुमान अनुसार विभिन्न प्रकारको माटो खन्ने कार्य १२१४४।४५ घ.मी. रु.५१।९६ का दरले र साधारण चट्टान खन्ने कार्य ३७३।०५ घ.मी. रु.१५५।८८ का दरले गर्ने गरी कार्यालयले रु.५,७६,०००। व्यहोर्ने गरी सम्बन्धित उपभोक्ता समितिसँग सम्झौता गरेको छ । तर नापी किताब र कार्यसम्पन्न प्रतिवेदनमा सबै प्रकारको माटो खन्ने कार्य ५०००।२९ घ.मी. र नरम चट्टान खन्ने कार्य २८३४।८५ घ.मी. गरेको उल्लेख गरी सम्झौता रकमको हाराहारीमा रु.५,६७,४८१।० भुक्तानी भएको छ । कुनै प्रमाण, निर्णय तथा आधार नै संलग्न नगरी लागत अनुमान भन्दा नरम माटो खन्ने कार्य ५८.८३ प्रतिशत घटी र नरम चट्टान्न खन्ने कार्य ७५९.९१ प्रतिशत बढी गरेको उल्लेख छ । यसरी लागत अनुमान रकम बरावर हुने गरी सबै प्रकारको माटो खन्ने कार्यको परिमाणमात्र घटाइ नरम चट्टान खन्ने कार्य मात्र बढाएको देखिन्छ । कुनै आधार प्रमाण बेगर अत्याधिक मात्रमा परिमाण थपघट गर्ने कार्य मनासिव देखिदैंन । अत उक्त योजनामा परिमाण थपघट गर्नुको कारण र वास्तविक रुपमा भएको काम भए नभएको एकिन गरी आबश्यक प्रमाण कागजात पेश हुनुपर्ने रु. | ५६७,४८१ |
| ७६ | | | **लागत सहभागिता**<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ७७ | | | **कार्यसम्पन्न प्रतिवेदन**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ७८ | | | **प्राविधिक विल र कार्य सम्पन्न**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन | |

<table>
<tr><td></td><td></td><td></td><td>भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>खर्च सार्वजनिक<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आपूmले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष उपभोक्ता समितिमार्फत निर्माण गरेका सबै योजनाको संरचना निर्माणको काम गराएकोमा उपभोक्ता समितिले गरेको सम्पुर्ण खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट रखर्च सार्वजनिक गरेको प्रमाण पेश गरेको पाइएन । नियममा भएको व्यवस्था अनुसार सबै प्रकृया पुरा गरी उपभोक्ता समितिमार्फत कार्य गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>व्यवस्थापन खर्च<br><br>व्यबस्थापन खर्च - सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(८) मा सार्बजनिक निकायले प्राबिधिक सहयोग उपलव्ध गराउन नसकेको अबस्थामा उपभोक्ता समितिले नियुक्त गरेको प्राबिधिकका लागि कन्टिन्जेन्सीबाट कट्टा हुने गरी पारिश्रमिकका लागि लागत अनुमाको तीन प्रतिशतभन्दा बढी नहुने गरी रकम उपभोक्ता समितिलाई दिन सकिने व्यबस्था भए पनि सो बाहेक कामका लागि थप भुक्तानी दिन मिल्ने देखिदैन । यसै सम्बन्धमा अजयमेरु गाउपालिका आयोजना व्यबस्थापन तथा सञ्चालन कार्यबिधि, २०७४ को बुँदा १३ मा पालिकाबाट संञ्चालित पाँच लाख रुपैंयाभन्दा माथी लागत अनुमान भएका योजनाको हकमा तीन प्रतिशत, तीनदेखि पाँचलाख रुपैया लागत अनुमानको हकमा चार प्रतिशत र तीन लाख रुपैया भन्दा लागत अनुमान भएका योजनाका हकमा तीन प्रतिशतसम्म योजना संचालनको प्रशासनिक कार्यका लागि भनि लागत अनुमान गरी सो रकम उपभोक्ता समितिलाई भुक्तानी गर्न सकिने व्यबस्था गरेको भए पनि तीन लाख रुपैयाभन्दा कमका आयोजनका लागि पाँच प्रतिशतसम्म लागत अनुमान गरी भुक्तानी दिने गरेको जानकारी हुन आयो ।सार्बजनिक खरिद ऐन,२०६३ ले तोके अनुसार सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम (१०) को उपनियम (७) को अनुसूची -१ अनुसार लागत अनुमान तयार गर्दा यस पालिकाले गरे अनुसार व्यबस्थापन खर्च समाबेश गरी भुक्तानी दिन मिल्ने नदेखिएकोले निम्न उपभोक्ता समितिलाई भुक्तानी दिएको कार्य मनासिब देखिएन रु.<br><br>
<table>
<tr><th>क्र सं</th><th>भौ.नं.</th><th>उपभोक्ता समितिको नाम</th><th>रकम</th></tr>
<tr><td colspan="4">गाउँपालिका पूँजीगत</td></tr>
<tr><td>1</td><td>२४/२०७८/८/८</td><td>निलपाल मन्दिर पर्खात निर्माण</td><td>३०००.०</td></tr>
</table></td><td>१,०३५,९८०</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| 2 | ३५-२०७८/८/१ | निनाली गोरा खलो पर्खाल निर्माण | ३०००.० |
| 3 | ४१-२०७८/९/१३ | गोणा न्वालो निर्माण | ४५०००.० |
| 4 | १९८-२०७८/१२/११ | खतेडा गणेशधुरा सडक निर्माण | २४४८०.० |
| 5 | १९९-२०७८/१२/११ | खतेडा गणेशधुरा सडक निर्माण | ३०००.० |
| 6 | ८५-२०७८/९/२८ | राइगाडा सडक निर्माण | २८८००.० |
| 7 | ११०-२०७८/११/३ | घोरकट्टे सुन्माखोर सडक | १२०००.० |
| 8 | २६५-२०७९/१/१६ | बरङ्ली सडक निर्माण | ५०००.० |
| 9 | ३००-२०७९/३/५ | सड वमपानी गुनपाल सडक | १००००.० |
| 10 | ३३९-२०७९/३/१९ | चनाली कवुलियति वन संरक्षण | १००००.० |
| 11 | ३९१-२०७९/३/२४ | मटेला सडक निर्माण | ८०००.० |
| 12 | ४०२-२०७९/३/२५ | फल्याट खानेपानी निर्माण | ३०००.० |
| 13 | ३९८-२०७९/३/२४ | देउल्लि सिम सडक | १००००.० |
| 14 | ३९७-२०७९/३/२४ | देउराली कल्लाउ सडक निर्माण | १६०००.० |
| 15 | ४१५-२०७९/३/२५ | लक्ष्मीपुर लोडा सडक | १८०००.० |
| **संघिय सरकारबाट हस्तान्तरित पूँजीगत** | | | |
| 16 | १४।०७८।९।१३ | सिलैटे खोला खानेपानी तथा उ.स. | १०४७३। |
| 17 | १६।०७८।९।१४ | लटेश्वरी कृषि घरवारी व्यवस्थापन उ.स. | १८४८२। |
| 18 | ३२।०७८।१०।२६ | केदार शिशु सुधारक मा.वि. | २४७२८। |
| 19 | ३३ ०७८।१०।२६ | सौके खानेपानी तथा सरसफाइ उ.स. | ५८७१८। |
| 20 | ३४।०७८।१०।२८ | श्री हरियाली कृषक समुह | ३७८६। |

| | | | |
|---|---|---|---|
| 21 | ३५ ।०७८।११।५ | बालकल्याण मा.वि. | ३१८८५। |
| 22 | ३६ ०७८।११।२३ | दुर्गास्थान आ.वि. | १८१९। |
| 23 | ३९ ०७८।११।२६ | सहस्रलिङ्ग मा.वि | १३०४४। |
| 24 | ५४।०७८।१२।२८ | निलपाल कृषक समुह | १३०२९। |
| 25 | ५५।०७८।१२।२८ | रबिन एग्रो कृषि तथा पशुपंक्षि फर्म | ११४१७। |
| 26 | ५८।०७८।१२।२९ | भद्रपुर अगुवा कृषक समुह | १३०२९। |
| 27 | ६३ ।०७९।१।७ | गोठखाया खानेपानी तथा सरसफाई उ.स. | १८४९३। |
| 28 | ६४ ।०७९।१।९ | भद्रपुर खानेपानी तथा सरसफाई उ.स. | ४७३५०। |
| 29 | ६५ ।०७९।१।१६ | गुवाडि खानेपानी तथा सरसफाई उ.स. | ५२१४३। |
| 30 | ६६ ।०७९।१।१६ | श्री विरवेताल बचत तथा ऋण सहकारी संस्था लि. | १०३००। |
| 31 | ६८ ।०७९।१।१६ | अजयमेरु कोट संरक्षण तथा सम्बर्द्धन समिति | १००००। |
| 32 | ७३ ।०७९।२।१३ | डासी सोनर्या सस्पेण्डेड ब्रीज निर्माण कन्ती मनि | ६६१५६। |
| 33 | ७९ ।०७९।३।६ | पाकिन्ना खानेपानी तथा सरसफाई उ.स. | ५९१४१। |
| 34 | ९०।०७९।३।६ | सयपत्रि कृषक समुह | १५६१९। |
| 35 | ९५ ।०७९।३।२० | डागेश्वरी ताजा तरकारी तथा बिउ उत्पादन कृषक समूह | १२९७१। |
| 36 | ९७ ।०७९।३।२० | श्री हरियाली कृषक समुह | १२९७१। |
| 37 | १०१।०७९।३।२३ | मणिलेक मा.वि | ८६४६। |
| 38 | ९।०७९।३।१९ | वसना लमकोली देउल्ली सिचाई पोखरी तथा घेरबार उ.स | १००००। |
| 39 | १० ।०७९।३।१९ | सेराखेत तल्लो सिचाई योजना उ.स. | १००००। |

| | | | |
|---|---|---|---|
| 40 | १२ ।०७९।३।२० | श्री कोला समैजी महिला विकास | १००००। |
| 41 | १९ ।०७९।३।२३ | कालाढुङ्गा पर्खाल निर्माण उ.स. | १००००। |
| 42 | २२ ।०७९।३।२४ | पुइलेक सिलङगी कोइराली कृषि सडक उ.स. | ५०००। |
| 43 | २१ ।०७९।३।२३ | कुन्का घुडलिक सडक | १००००। |
| 44 | २० ।०७९।३।२३ | ठूलो खोला बसना सडक माथी खा.पा. मर्मत उ.स. | १००००। |
| 45 | २४ ।०७९।३।२४ | खिडखिडा डोवरा सिंचाई पोखरी निर्माण तथा घेरबार नि. उ.स | ६०००। |
| 46 | २५ ।०७९।३।२४ | अफिस घर मर्मत तथा घेरवार नौलाकोट एके दहपाल मन्दिर घेरवार उ.स. | ६५००। |
| 47 | २६ ।०७९।३।२४ | घुडालेक बालविकास केन्द्रको खेल मैदान | ५०००। |
| 48 | २९ ।०७९।३।२४ | तल्लो चोटा मन्दिर खा.पा. योजना तथा रोल्ली वुङ्गा सिलङ् पर्यटन सडक | ५०००। |
| 49 | ३० ।०७९।३।२४ | हंसराज मन्दिर पर्खाल नि. | ५०००। |
| 50 | ३१ ।०७९।३।२४ | हलजर चिन्नाले खा.पा. | १००००। |
| 51 | ३२ ।०७९।३।२४ | मल्लो जेवलखाण सिचाई कुलो | ५०००। |
| 52 | ३३ ।०७९।३।२५ | व्रम मन्दिर तथा भण्डारघर उ.स. | १५०००। |
| 53 | ३६ ।०७९।३।२५ | दुर्गा भगवती मन्दिर नि.स. | १००००। |
| **समानिकरण पूँजीगत** | | | |
| 54 | १४६।२०७८।११।२५ | अरसट्टि मन्दिर पर्खाल निर्माण | ३०००। |
| 55 | १५०।२०७८।११।२६ | दामखोला चौतारा २ वटा सार्वजनिक शौचालय | १००००। |
| 56 | १४४।२०७८।११।२५ | खानेपानी ट्यांक निर्माण | ५०००। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | 57 | १४५।२०७८।११।२५ | डौडा न्वालो मर्मत | २०००। | | |
| | | | 58 | १४८।२०७८।११।२५ | फरडि गाउँ सडक | १५००। | | |
| | | | 59 | १५२।२०७८।११।२६ | देवनलि न्वालो मर्मत | ३०००। | | |
| | | | 60 | १६१।२०७८।११।२७ | नमुना बस्ती क्रमागत | ३०००। | | |
| | | | 61 | १६३।२०७८।११।२७ | खडायत गाउँ मन्दिर घेरबार | ३०००। | | |
| | | | 62 | १७०।२०७८।११।३० | खानेपानी मुहान संरक्षण | ४५००। | | |
| | | | 63 | १७२।२०७८।११।३० | अजयमेरु सडक | ५०००। | | |
| | | | 64 | १८१।२०७८।१२।६ | समैजी भण्डार घर निर्माण | ४५००। | | |
| | | | 65 | १८३।२०७८।१२।७ | भागेश्वर मन्दिर रमसालो | २०००। | | |
| | | | 66 | १८४।२०७८।१२।७ | घारि पारकोट खानेपानी योजना | ७५००। | | |
| | | | 67 | १८५।२०७८।१२।७ | लमखेत सिचाई | ४५००। | | |
| | | | 68 | १८८।२०७८।१२।८ | राई खोला सिचाई पोखरी | ४५००। | | |
| | | | 69 | १८९।२०७८।१२।८ | देउली सिचाई योजना | २०००। | | |
| | | | 70 | १९०।२०७८।१२।९ | बेताल भराड | १५०००। | | |
| | | | 71 | १९१।२०७८।१२।९ | तल्लो घरको बाटो निर्माण पुजारी गाउ | ३०००। | | |
| | | | 72 | १९२।२०७८।१२।९ | दुधपोखरी आमकुण्ड सडक | ३०००। | | |
| | | | 73 | १९२।२०७८।१२।९ | मेलासैनी देहिरोडा भुडसम्म सडक निर्माण | ३०००। | | |
| | | | 74 | १९४।२०७८।१२।१० | भूमिराज मन्दिर व्यवस्थापन | १०००। | | |
| | | | 75 | १९५।२०७८।१२।१० | मटेला मन्दिर निर्माण | ३०००। | | |
| | | | 76 | २६०।२०७९।१।११ | गोजलिङ्ग मन्दिर सिडि निर्माण | ३०००। | | |

| | | | |
|---|---|---|---|
| 77 | २०४।२०७८।१२।१३ | मसानी देवता भण्डार घर | ३०००। |
| 78 | २०५।२०७८।१२।१३ | वडा कार्यालय पार्क निर्माण | २०००। |
| 79 | २०५।२०७८१२।१३ | समैजी मन्दिर भान्छाघर | ३०००। |
| 80 | २०८।२०७८।१२।१३ | चोरपानी खा.पा. मर्मत | ३०००। |
| 81 | २११।२०७८।१२।१४ | विष्ट टोल घोरेटो बाटो | १५००। |
| 82 | २१२।२०७८।१२।१४ | भण्डारी गाउँ भराड घर मर्मत | ३०००। |
| 83 | २१४।२०७८।१२।१५ | पासामाण्डौ तथा निर्पाल मन्दिर | ४५००। |
| 84 | २१५।२०७८।१२।१५ | लेटम गोरखालो पर्खाल निर्माण | ३०००। |
| 85 | २१६।२०७८।१२।१६ | तामाइनी मेटा सडक | १००००। |
| 86 | २१८।२०७८।१२।१६ | देवचन्द देवताको वेडि पर्खाल सडक निर्माण | १६०००। |
| 87 | २३४।२०७८।१२।२९ | मेलकट्टे आफर निर्माण | ७५००। |
| 88 | २३७।२०७८।१२।२९ | बालविकास भवन मर्मत | ४०००। |
| 89 | २३९।२०७८।१२।२९ | शहिद जयराज सालिक निर्माण | १५००। |
| 90 | २४०।२०७८।१२।२९ | किर्ता भाट मन्दिर | ६०००। |
| 91 | २४५।२०७९।१।६ | साना सिचाई तथा मागमा आधारित कार्यक्रम | १००००। |
| 92 | ३९३।२०७९।३। | भूमिराज यज्ञशाला निर्माण | ३०००। |
| 93 | ३९३।२०७९।३। | दहपाल भान्साघर | ३०००। |
| 94 | ३९३।२०७९।३। | पदम स्मृति सालिक | ३०००। |
| 95 | ३९३।२०७९।३। | वेताल भण्डार घर निर्माण | १०००। |
| 96 | ३९३।२०७९।३। | पुइलेक महागुरु सडक | ३०००। |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा \| १०३५९८०। | |
| ८२ | | | **थप प्रमाण**<br><br>उपभोक्ता समिति गठन,परिचालन तथा व्यबस्थापन सम्बन्धी सम्बन्धी कार्य गर्दा उपभोक्ता भेला गरेको माइन्युटका अतिरिक्त उपभोक्ता समितिले बिभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संम्लग्न गरेमा कामको बिश्वसनियता बृद्धि गर्न थप गर्न सहयोग पुऱ्याउनेमा सो अनुसार गरेको देखिने प्रमाण प्रमाण पेश गरेको देखिदैन ।यस्तो अबस्थामा उपभोक्ता समितिको नामबाट भएका बिभिन्न बैठक तथा सार्बजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि बिश्वस्त हुने अबस्था छैन । यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ । | |
| ८३ | | | **हेभि इक्विपमेन्ट प्रयोग**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्टयाईं नभए पनि नापजाँच गरी भुक्तानी दिएको देखिएको छ । यस्तो कार्य नियमानुसार नभएकोले सुधार हुनुपर्दछ । | |
| ८४ | | | **खर्च सार्वजनिकरण**<br><br>सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक टाँस गर्नुपर्ने,तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने,९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख,मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । यस्तो प्रकृया नियमानुसार नभएकोले तोकेको प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |
| ८५ | | | **सोझै खरिद**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने (२०७८।१२।३ बाट रु १० लाख), रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा | |

बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु.१७००८९३।०को सोझै खरिद गरेको देखियो । यस्ता कार्य नियन्त्रण हुनुपर्दछ ।

| भौ.नं. | कार्यक्रम | आपूर्तिकर्ता | खर्च विवरण | विल मिति | रकम |
|---|---|---|---|---|---|
| ८ | मेशिनरी औजार | उग्रतारा इन्फोटेक | ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिन खरिद | २०७८/५/९ | ४९९२३४.० |
| ८ | मेशिनरी औजार | उग्रतारा इन्फोटेक | | २०७८/६/१० | ४९७८७८.० |
| ३४८ | मेशिनरी औजार | उग्रतारा इन्फोटेक | | २०७९/२/५ | ४९९५७३.० |
| ४१२ | मेशिनरी औजार | उग्रतारा इन्फोटेक | | २०७९/३/२६ | २०४२०८.० |
| जम्मा | | | | | १७००८९३।० |

८६ **सामाजिक सुरक्षा वितरण**

पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत तिन बैंकबाट जम्मा रु.६,८३,६६,२१६।० वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन।

८६.१ **निष्क्रिय खाताको विवरण नभएको**- सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंकमा मार्फत भुक्तानी गरेको तर बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएबाट के कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन । बैंकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ ।

८६.२ **दोहोरो सामाजिक सुरक्षा भत्ता**- आर्थिक कार्यविधि तथा वित्तीइ उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ अनुसार रित पुगे नपुगेको चेक गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाका विभिन्न वडामा सामाजिक सुरक्षा रकम वितरण गर्दा निम्न सेवाग्राहीलाइ दोहोरो भुक्तानी दिएको पाइयो । दोहोरो परेको रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु ६१,५९६

| क्र.स. | सामाजिक सुरक्षाको प्रकार | लाभग्राहीको नाम | जन्म मिति | आइडी नम्बर | किस्ता रकम |
|---|---|---|---|---|---|
| | वडा नं. ४ | | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक | लक्ष्मी देवी सार्की | २००७/०१/०५ | ७४१०१८/२७९ | १२०००*४=४८०००। |
| २ | बालपोषण क्षेत्र | लक्ष्मी सार्की | २०७६/७/२८ | २०७६०७२८००५८२ | १५९६। |
| ३ | ज्येष्ठ नागरिक | राधा देवी बिष्ट | २००४/०१/२० | ५६२/१८२ | १२०००। |
| | | | | जम्मा | ६१५९६।०० |

| | | | | |
|---|---|---|---|---|
| ८६.३ | | | **के वाइ सी अद्यावधिक नभएको** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ । | |
| ८६.४ | | | **लाभग्राहीको विवरण अध्यावधिक नभएको** - सामाजिक सुरक्षा नियमावली, २०७७ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राखुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण अद्यावधिक गरिराखेको पाईएन। नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८७ | | | **स्वयम् सेवक शिक्षक**<br><br>कार्यालयले गाँउपालिका अन्तर्गत रहेका २० विद्यालयमा कार्य गर्ने गरी स्वयंसेवक शिक्षक नियुक्त गरि रू. ६२,१२,०६३। भुक्तानी गरेको छ। विद्यालयका लागि शिक्षक आबश्यक भएमा ओ एम लगायतका कार्य गरी आबश्यक प्रकृया पुरा गरी शिक्षक दरबन्दी पदपुर्ति गर्नुपर्नेमा सो सम्बन्धमा कुनै कारबाही नचलाई तथा स्वयम सेवक शिक्षक आवश्यकता पहिचानका आधार निर्धारण नै नगरी स्वयमसेवक शिक्षक नियुक्त संघीय सरकारबाट प्राप्त समानीकरणको रकमबाट खर्च गरेको कार्य अनियमित देखिएको रु | ६,२१२,०६३ |
| ८८ | | | **करारका कर्मचारीको नियुत्ति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले ५३ जना कर्मचारीहरु करारमा राखि रु. ९३,४७,०५०। खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न १५ पदमा ४७ जना करार नियुक्ति गरी बर्षभरीमा रु. १,०२,८८,२१०। भुक्तानी गरेको छ। ओ एण्ड एम गरेर मात्र कर्मचारी पदपुर्ति गर्नुपर्दछ। | |

<table>
<tr><td>८९</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ता<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्स अनुसार खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट नर्स अनुसार हुनु पर्नेमा पालिकाले कानूनसमेत नबनाई यो बर्ष ४०१ जनालाई रु.३०००। का दरले जम्मा रू. १२,०३,०००। प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । यस्ता कार्यमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९०</td><td></td><td></td><td>पारिश्रमिक कर<br><br>आयकर नियमावली २०५९ को नियम ३१ मा वार्षिक पारिश्रमिकमा लाग्ने कर दामासाहीको हिसावले मार्सिक रुपमा अग्रिम कट्टा गर्नु पर्ने व्यवस्था छ ।त्यस्तै आयकर ऐन, २०५८ को अनुसुचि १ बमोजिम करको दर निर्धारण गरी कर कट्टि गरी पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा यस पालिकाले श्री गंगाराम सापकोटाको पारिश्रमिक भुक्तानीमा पारिश्रमिक कर अग्रिम रुपमा कट्टि गरेको नदेखिएकोले नियमानुसार तपशिल बमोजिमको पारिश्रमिक कर असुल गरी दाखिला गर्नुपर्ने रु<br><br><table><tr><td>नाम</td><td>बार्षिक तलव भत्ता</td><td>जम्मा कट्टि</td><td>करयोग्य आय</td><td>कट्टि गर्न बाँकी कर रकम</td></tr><tr><td>श्री गंगाराम सापकोटा</td><td>६,७९,४८३।</td><td>१,४५,०६५।६</td><td>५,३४,४१८।</td><td>८,४४२।</td></tr></table></td><td>८,४४२</td></tr>
<tr><td>९१</td><td></td><td></td><td>घरभाडा भुक्तानी<br><br>सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ को दफा ३(१) सँग सम्वन्धित अनुसुची १(ख) मा पदाधिकारिको सुविधा सम्वन्धि व्यवस्था छ । सो ऐनमा व्यवस्था नभएको सुविधा वापत यस पालिकाले मासिक रु ६,०००। का दरले उपमेयरलाई आवास भाडा भुक्तानी गर्ने कार्यपालिकाले निर्णय गरी उपमेयर श्री कलावती भाडलाई १० महिनाको रु. ६०,०००। र श्री वसन्ती पाललाई रू.१२,०००। भुक्तानी गरेको छ ।ऐनमा व्यवस्था नभएको सुविधा उपलब्ध गराउनु नियम विपरित देखिएको रु</td><td>७२,०००</td></tr>
<tr><td>९२</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधा<br><br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सूदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.६५ लाख ५ हजार खर्च भएको छ जुन आन्तरिक आयको १५५.९१ प्रतिशत रहेको छ ।</td><td></td></tr>
</table>

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष६ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १८ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४००० | २४००० | १४४००० | १४४००० | ४३२००० | ७६८००० |
| २ | यातायात खर्च | ० | ० | ० | ७२००० | १०८००० | १८०००० |
| ३ | टेलिफोन,मोबाइल | ७२००० | ६०००० | २५२००० | २१६००० | ४८०००० | १०८०००० |
| ४ | पुस्तक,पत्रीका,ईन्टरनेट | ६०००० | ५४००० | २८८००० | २१६००० | ४८०००० | १०९८००० |
| ५ | समन्वय तथा सहजीकरण | १०८००० | ८४००० | ४३२००० | ३६०००० | ७२०००० | १७०४००० |
| ६ | अतिथि सत्कार | १२०००० | १०८००० | ५०४००० | ० | ० | ७३२००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ४२००० | ३६००० | १४४००० | १४४००० | २४०००० | ६०६००० |
| ८ | चाडपर्व खर्च | २५००० | २२५०० | ९६००० | ५४००० | १४०००० | ३३७५०० |
|  | जम्मा | ४५१००० | ३८८५०० | १८६०००० | १२०६००० | २६००००० | ६५०५५०० |

९३ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५० को व्यवस्था अनुसार जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निजामती कर्मचारीहरूको तथा पालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट स्थानीय स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराएर तलब खर्च लेख्नु पर्नेमा आर्थिक वर्ष २०७८।७९ मा २७ स्थायी कर्मचारीको जम्मा रू. १,३०,९४,८८४। तलब भत्ता भुक्तानी गरेको पाइयो। गाँउपालिकाले कर्मचारीको तलबी प्रतिवेदन पारित नगराई तलव भत्ता भुक्तानी गरेकोमा सो को ग्रेड एकिन गर्न सकिएन। तलव खर्च लेख्दा तलवी प्रतिवेदन पारित गरेरमात्र खर्च लेख्नु पर्दछ।

९४ **भ्रमण अभिलेख खाता**

| | | | | |
|---|---|---|---|---|
| | | | भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ वमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसुची- ६ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्ने व्यवस्था भएकोमा भ्रमण अभिलेख खाता राख्ने नगरेको लेखापरिक्षणको शिलसिलामा देखिएकोले अनिवार्य रूपमा अभिलेख राख्ने र भ्रमणबाट फर्किए पछि म ले प फा नं ९०९ को ढाँचामा भ्रमण प्रतिबेदन पेश गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |
| ९५ | | | **बहुउद्देश्यिय नमुना कृषि फर्म संचालन -** <br><br> सार्वजनिक निकायले रकम खर्च गर्दा लाभ, लागत समेत विश्लेषण गरी रकम खर्च गर्नुपर्दछ । पालिकाले बहुउद्देश्यित नमुना कृषि फर्म संचालन कार्यक्रम अन्तर्गत फर्ममा कार्य गर्ने कामदारको पारिश्रमिकमा रु.२,४०,०००।, विउ पूँजी खरिदमा रु.९१,९५०।, जग्गा भाडा वापत रु.३३,०००। र अन्य विविध खर्च रु.२२,३२५। समेत जम्मा रु.३,८७,२७५। खर्च गरेको छ । यसरी कृषि फर्म संचालनमा रु.३,८७,२७५।० खर्च भए तापनि उक्त कृषि फर्मबाट कुनै पनि आम्दानी गरेको देखिदैन । अतः पालिकाले उचित प्रतिफल प्राप्त हुने गरी योजना निर्माण गर्ने तथा खर्च गर्दा अधिकतम सदुयोग हुने गरी खर्च गर्ने तर्फ ध्यान पुर्याउनु पर्दछ । | |
| ९६ | | | **सवारी मर्मत** <br><br> सार्वजनिक खरिद नियमावलीको नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भए सोको लिखित जानकारी त्यस्तो मालसामान उपयोग कर्ताले सो निकायको प्रमुखलाई दिनुपर्ने र त्यसरी जानकारी प्राप्त भएपछि निजले नियम १३ को उपनियम ५ बमोजिम लागत अनुमान तयार गराई स्वीकृत गर्नुपर्ने व्यबस्था छ । उक्त नियमको उपनियम ३ मा सार्वजनिक निकायले उपकरणको वा पाटपूर्जा खरिद गरेकोमा सार्वजनिक निकायले त्यस्तो मालसामान वा उपकरण जिन्सी दाखिला गराई प्रति एकाई मूल्य पाँचहजार रुपैंया भन्दा बढी पर्ने उपकरण वा पार्टपुर्जाको अभिलेख राखु पर्ने र त्यस्ता पार्टपुर्जा पुराना उपकरण वा पार्टपूर्जाको लागि प्रतिस्थापन गरेकोमा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नु पर्ने उल्लेख छ । यस पालिकाले भौ.नं. मिति २।२०७८/११/२ बाट रु. ६,२३,५१५।खर्च गरी एक्जाभेटर मर्मत गर्दा उल्लेखित खरिद नियमको व्यवस्था पालना गरेको पाइएन ।यस्ता कार्य गर्दा खरिद नियमको पालना गरी काम गर्ने व्यबस्था हुनुपर्ने रू. | ६२३,५१५ |
| ९७ | | | **जिन्सी दाखिला नभएको** <br><br> आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ९५ अनुसार कार्यालयले खरिद गरि प्राप्त भएका जिन्सी सामानको ७ दिन भित्र आम्दानी बाध्नु पर्ने व्यवस्था छ। निम्न गो.भौ.न. / मितिमा निम्न सामानहरू विराट इलेक्ट्रोकिन्स सेन्टर एण्ड सप्लायर्सवाट निम्न मितिमा खरिद गरि रू. ८०,०००। भुक्तानी भएकोमा सोको PAMS मा जिन्सी दाखिला नभएकोले PAMS मा जिन्सी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रू | ८०,००० |

| गो.भौ.न. / मिति | सामान | मुल्य | खरिद मिति |
|---|---|---|---|
| १४१-२०७८।०८।०९ | साउन्ड वोक्स डिजे | ८०००० | २०७८।०६।११ |

| | | | | |
|---|---|---|---|---|
| ९८ | | | **विद्युत्त महशुल संकलक नियुक्ति** | ४२,००० |

<table>
<tr><td></td><td></td><td></td><td>गो.भौ.न. ४१२ मिती २०७८।११।२७ पालिकाले विद्युत्त महशुल संकलन कार्यक्रम अर्न्तगत भद्रपुर महिला विकास कृषि संस्था लिमिटेड संग सम्झौता गरी श्री शारदा के.सी. लाई मासिक रू.३,५००। का दरले १२ महिनाको जम्मा रू.४२,०००। भुक्तानी गरेको छ। विद्युत्त महशुल संकलनको कार्य पालिकाको कार्यक्षेत्र भित्र नपर्ने हुदा पालिकाले कर्मचारी नियुत्त गरी पारिश्रमिक भुक्तानी गर्ने कार्य मनासिव नदेखिएको रू</td><td></td></tr>
<tr><td>९९</td><td></td><td></td><td>बिजक नं. उल्लेख नभएको<br><br>मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिबृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनसुची - ५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ। मू.अ.करमा दर्ता भएको व्यक्तिले रित पूर्वकको बिजक पेश नगर्नु र भूक्तानी दिनेले पनि सहि रुपमा कर बिजक एकिन नगरी भुक्तानी दिनु नियम संगत देखिएन । नियमानुसार कर विजक जारी नगरेकोले मू.अ.कर दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा मू.अ.कर ऐन तथा नियमावलीको व्यवस्था बमोजिम मू.अ.कर रकम असुल हुनुपर्ने रु</td><td>५,८५०</td></tr>
<tr><td>१००</td><td></td><td></td><td>कार्ययोजना पारित<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ख.मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने रवन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ । यस पालिकाभित्रका सामुदायिक वन उपभोक्ता समितिले यस पालिकाबाट कार्य योजना स्वीकृत नगरेको र वन पैदाबारको बिक्रीबाट प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा जम्मा गरेको समेत पाइएन ।कार्य योजना स्वीकृत गराउने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्ने व्यबस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०१</td><td></td><td></td><td>आयकरमा ननफाइलर<br><br>आयकर ऐन,२०५८ अनुसार प्रत्येक करदाताले आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा आयकरको आय बिबरण बुझाउनु पर्दछ । म्याद थप भएको अबस्थामा पुस महिनासम्ममा पनि बुझाउन सकिने व्यबस्था छ । यस पालिकावाट रकम भुक्तानी लिएका सहश्रलिङ्ग स्टेशनरी एण्ड सप्लायर्सको २०७९।६।३ मा प्यान सर्च गर्दा आयकरमा ननफाइलर देखिएकोले निजले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा नियमितरुपमा आय बिबरण बुझाई प्रचलित कानुन अनुसार आयकरको हिसाब मिलान गरेको छ भन्ने अबस्था रहेन । उक्त संस्थालाई भुक्तानी गरेको रकम सम्बन्धमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा जानकारी पठाई आयकरको हिसाब मिलान गर्ने व्यबस्था मिलाउनु पर्दछ ।<br><br>
<table>
<tr><td>गोभौनं./मिति</td><td>भुक्तानी पाउनेको नाम</td><td>प्यान नं.</td><td>भुक्तानी रकम</td><td>आयकर नन्फाइलर रहेको मिति</td></tr>
<tr><td>६७४- २०७९।०३।१८</td><td></td><td>६०७५०६७८७</td><td>९५५५०।</td><td>आ.व. २०७७।७८ देखि</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ९०-२०७८।०६।२५ | सहश्रलिङ्ग स्टेशनरी एण्ड सप्लायर्स | | ९२२००। | |
| जम्मा | | | १८७७५० | |

१०२

**जिन्सी प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गर्नुपर्ने व्यवस्था रहे वमोजिम पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम ४ अनुसार मर्मत संभार गर्नुपर्ने मालसामान ३ महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ। यस पालिकाको आ.व. २०७८।०७९ को जिन्सी निरिक्षण प्रतिवेदनले मर्मत गर्नुपर्ने भनि उल्लेख गरेका १ जिप, ३ वटा सोफासेट लगायतका मालसामान उक्त नियमावलीको नियम ९९ अनुसार मर्मत संभार गरी जिन्सी सम्बन्धी व्यवस्थालाई चुस्त र दुरूस्त वनाउनुपर्नेमा सो गरेको देखिएन। जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार चालु हालतमा नरहेका जिन्सी सामानहरू मर्मतको कारवाही अगाडी वढाउनुपर्ने देखिन्छ।

१०३ — ६,६९०

**बिल भरपाई बेगरका भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहायका भुक्तानीमा बिल भरपाई संलग्न गरेको पाइएन। अतः प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू

| भौ.नं. र मिति | भुक्तानीको विवरण | नपुग प्रमाण | भुक्तानी रकम रु | कैफियत |
|---|---|---|---|---|
| ५१६-२०७८।१२।२९ | वाटर फिल्टर वितरण | वितरण भरपाई | ६,६९०। | ३९६ परिमाण खरिद गरेकोमा ३९० को मात्र वितरण गरको भरपाई पेश भएको। |

१०४

**पूँजीगत बजेटबाट चालु प्रकृतिको खर्च**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका कार्यक्रम पूँजीगत शिर्षकमा रकम विनियोजन गरी रु.७,४०,२७५।० भुक्तानी दिएको पाईयो ।यस्ता कार्यमा नियन्त्रण हुनु पर्दछ।

| भौ.नं. | कार्यक्रम | खर्च | रकम रु |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ६ | बहुउद्देश्यिय नमुना कृषि फर्म सञ्चालन | पारिश्रमिक | ९०००.० |
| २३३ | विपद व्यवस्थापन | राहत वितरण | ५००००.० |
| २८७ | स्वयंसेवक शिक्षक | शिक्षक पारीश्रमिक | ७८०००.० |
| ३०६ | सेवा परामर्श | शिक्षक पारिश्रमिक | ३६०००.० |
| ३०७ | स्वयंसेवक शिक्षक | पारिश्रमिक | १३००००.० |
| ३२६ | गाउँसभा सञ्चालन खर्च | विविध खर्च | ५००००.० |
| | बहुउद्देश्यिय नमुना कृषि फर्म संचालन | पारिश्रमिक, विउ खरिद | ३८७२७५.० |
| | | | ७,४०,२७५।० |

१०५ **सुत्रमा कारोबार नभएको**

ग ५.१ स्थानीय तह विविध कोष खातामा गत वर्ष रु.१३,४३,९४७।० मौज्दात बाँकी रहेकोमा यस आर्थिक वर्षमा कुनै कारोबार नभएको कारण सुत्रमा आम्दानी नजनाएको र सोही अनुसार नै रकम मौज्दात रहेको विवरण प्राप्त भएको छ। उक्त रकम सुत्रमा समावेश गरी अभिलेख राख्ने व्यबस्था हुनु पर्दछ ।

१०६ **अपुग विल रकम** ३,९५०

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्न कार्यका लागी रकम भुक्तानी गरेकोमा विल भरपाई अपुग भएकोले अपुग रकम असुल गर्नुपर्ने रू

| सि.न. | भौ.नं. र मिति | विवरण | भुक्तानी भएको रु. | विल रकम रु. | नपुग रकम रु. |
|---|---|---|---|---|---|
| १ | ५७-२०७८।०६।२२ | सार्वजनिक सुनुवाई र चौमासिक समिक्षा को लागी रकम भुक्तानी | १२२११५। | १२०३६५। | १७५०। |
| २ | ७७-२०७८।०६।२५ | उपभोत्ता तालिम संचालनको लागि रकम भुक्तानी | २७५५१४। | २७३३१४। | २२००। |
| जम्मा | | | ३९७६२९। | ३९३६७९। | ३९५०। |

| | | | | |
|---|---|---|---|---|
| १०७ | | | **बजेट समिक्षा**<br><br>अन्तर सरकारी वित्तीय व्यबस्थापन ऐन,२०७४ का दफा ३०(३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्वयनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विबरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्था छ । उक्त व्यबस्था अनुसार यस पालिकाले मन्त्रालयले बजेट समिक्षा गरी विबरण सार्बजनिक गरेको पाइएन । समिक्षा गर्दा बजेटले निर्धारण गरेका कार्यक्रमहरुको कार्यान्वयन अबस्था जानकारी लिई आगामी बर्षको बजेट तथा कार्यक्रमको कार्यान्वयनमा थप सुधार तथा सहजिकरण हुन सक्नेमा सो अनुसार हुन सक्ने देखिएन । ऐनको व्यबस्था अनुसार बजेट समिक्षा गरी सार्बजनिक गर्ने व्यबस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १०८ | | | **कार्यसम्पादन**<br><br>स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन (LISAरिपोर्ट) अनुसार यस पालिकाको समग्र कार्य सम्पादन मुल्याँङ्कनमा आर्थिक बर्ष २०७७।७८ मा कुल १०० अंकमा ६१.७५ अंक प्राप्त गरेको देखिन्छ ।समग्र कार्य सम्पादनमा सुधार गरी उच्चतम अंक प्राप्त गर्न पालिकाको निरन्तर प्रयाश हुनुपर्दछ । | |
| १०९ | | | **नेपाल दुरसञ्चार प्राधिकरणबाट प्राप्त रकम**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने, नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले पालिका अन्तर्गतका २१ विद्यालयका लागि संचार तथा इन्टरनेट खर्च बापत प्रति विद्यालय रु.७३,९००। का दरले रू १५५१९०० निकासा दिएको देखिन्छ । उक्त रकम बाट तोकिए अनुसार खर्च भए नभएको सम्बन्धमा बिल भर्पाई पेश नहुनुका साथै अनुगमन प्रतिबेदन समेत पेश भएको नदेखिएकोले तोकिए अनुसारको कार्यमा खर्च भएको प्रमाण कागजात पेश हुनुपर्ने रु. | १,५५१,९०० |
| ११० | | | **धरौटि फिर्ता**<br><br>सार्बजनिक खरिद नियमावली ,२०६४ का नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याए पछि वा त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन पत्र धरौटी फिर्ता गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रबिष्ट गरेको र सो अनुसार मूल्य अभिबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि मात्र धरौटी बापतको रकमको फिर्ता दिने व्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजनको पत्र पेश गरेको तर कर चुक्ता प्रमाणमात्र पेश नगरेको आधारमा धरौटी फिर्ता दिएको देखिन्छ । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर धरौटी फिर्ता दिने कार्य मनासिब देखिएन । तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रु | २४५,००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र सं</th><th>गो भौ/मिति</th><th>धरौटी फिर्ता पाउने</th><th>कैफियत</th><th>धरौटी फिर्ता रकम रु.</th></tr>
<tr><td>१</td><td>२/०७८/७/२९</td><td>भरत निर्माण सेवा</td><td>कर चुक्ता र मु अ कर समायोजन पत्र नभएको</td><td>८०,०००।</td></tr>
<tr><td>३</td><td>५/०७८।८।१६</td><td>न्यू गाँउघर निर्माण सेवा</td><td>कर चुक्ता र मु अ कर समायोजन पत्र नभएको</td><td>१,६५,०००।</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२,४५,०००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१११</td><td></td><td></td><td>पकेट कार्यक्रम -<br><br>प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल ,२०७७ को बुँदा नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्यूनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादनमुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने लगायतको व्यवस्था छ ।पालिकाले बाखाको साना व्यवसायिक कृषि उत्पादन पकेट कार्यक्रममा प्राप्त रकम मध्ये हरियाली कृषक समुहलाई रु.६,०५,०००।, सृजनशिल कृषि तथा बाखापालन समुहलाई रु.१०,१०,०००।, कृषि पकेट कार्यक्रममा प्राप्त रकम मध्ये शिद्धनाथ कृषि समुहलाई रु.३,५०,०००।, नौलाकोट आलु उत्पादन समुहलाई रु.१,०४,०००। गरि कुल रू २०६९०००। भुक्तानी गरेको छ । खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार नगरेकोले भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकेको भनि एकिन हुन सकिएन।अत कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११२</td><td></td><td></td><td>लघु उद्यम -<br><br>गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका ,२०७७ को परिच्छेद - ६ (४१) मा उद्यमिलाई उद्यमको प्रकृती आवश्यकता र उद्यमबाट सिर्जना हुने रोजगारका आधारमा उपलब्ध गराईने प्रविधिको कुल लागतको कम्तिमा बिस प्रतिसत रकम उद्यमी स्वंयमले व्यहोर्नु पर्ने उल्लेख छ ।यस पालिकाले गरिवि निवारणका लागि लघु उद्यम कार्यक्रम बाट रु. १,७६,२८०। खर्च गरी १२ वटा सिलाई मेसिन खरिद गरेर सिर्जनशिल लघु उद्यम र लालिगुरास लघु उद्यमका उद्यमीहरुलाई वितरण गरेको छ । त्यसै गरी सोही कार्यक्रमबाट रु. ८,२१,५१०। खर्च गरी १२ वटा समुहलाई पोलिहाउस ,ड्रम , गार्डेन पाईप खरिद गरेर वितरण गरेको पाईयो । निर्देशिकाले व्यवस्था गरे बमोजिम कुल लागतको कम्तिमा २० प्रतिसत उद्यमीले व्यहोर्नुपर्नेमा लागत उद्यमीको हिस्सा नदेखिएको हुँदा निर्देशिका बमोजिमको २० प्रतिसतले हुने रकम सम्वन्धित उद्यमीबाट असुल गरी दाखिला गर्नु पर्ने रु</td><td>१९९,५५८</td></tr>
<tr><td>११३</td><td></td><td></td><td>फरक शिर्षकमा खर्च -<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्वन्धीत प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको अनिवार्य पालना गर्नुपर्ने व्यवस्था छ ।यस पालिकाले बाखा पकेट कार्यक्रमबाट करन राज पन्तलाई रु १०,०००। का दरले कार्तिक देखि असार सम्मको पारिश्रमिक वापत रु. ९०,०००। र सार्वजनिक विद्यालयमा अध्यनरत विद्यार्थिका लागि छात्रवृति शिर्षकबाट</td><td>१००,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | बाल विकास कर्मचारीलाई तलव वापत रु १०,०००। भुक्तानि गरेको पाईयो ।नियममा व्यवस्था भएअनुसार समवन्धित शिर्षकमा नै खर्च गर्नु पर्नेमा नियम विपरित फरक खर्च शिर्षकबाट भुक्तानी गर्नु मनासिव देखिएन रु | |
| ११४ | | | **लागत सहभागिता नदेखिएको -**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा उक्त खर्च प्रमाणित गर्ने विलभर्पाइ संलग्न राखि खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष ५० प्रतिशत अनुदानमा कृषि तर्फका विभिन्न कार्यक्रम सञ्चालन गर्दा तोकिए बमोजिम कृषकहरुको सहभागिता नदेखिए पनि निम्न अनुसार रु. १०,५३,४२४। भुक्तानी दिएको देखिन्छ ।यस सम्बन्धमा प्रत्येक कृयापलापगत सहभागिता नदेखिए पनि सबै कार्यक्रमको एकमुस्ट भुक्तानी दिँदा सहभागिता हुने गरी भुक्तानी दिएको भनाई पालिकाको रहे पनि प्रत्येक कृयाकलापगत सहभागिता खुल्ने प्रमाण पेश गर्नुपर्ने रू. | ३९४,७१२ |

| **भौ.नं** | **कार्यक्रम को नाम** | **भुक्तानि भएको रकम रु** | **पेशभएको बिल रु** | **प्रमाण पेश हुनु पर्ने** | **प्रमाण पेश गर्न बाँकी** |
|---|---|---|---|---|---|
| २।२०७८।८।२१ | आलु विउ खरिद | ३,००,०००। | ४,३२,०००। | ६,००,०००। | १६८०००। |
| १८।२०७९।३।२४ | पोली हाउस निर्माण | २,२६,७१२। | २,२६,७१२। | ४,५३,४२४। | २२६७१२। |
| जम्मा | | ५,२६,७१२। | ६,५८,७१२। | | ३९४७१२। |

| | | | | |
|---|---|---|---|---|
| ११५ | | | **जरिवाना (विद्युत महशुल)**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विद्युत महशुल समयमै भुक्तानी गरी छुट लिनुपर्नेमा ढिलो गरि मशहुल भुक्तानी गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न गो.भौ.न. र मितिमा ढिलो गरि मशहुल भुक्तानी गरेकोले जरिवाना स्वरूप रू. ४४,८२७। भुक्तानी गरेको छ। यस्तो भुक्तानी मनासिव नदेखिएको रू | ४४,८२७ |

| क्र.स. | भौ.न. | जरिवाना रकम |
|---|---|---|
| १ | ७३-२०७८।०६।२५ | ३८,०३८। |
| २ | १४३- २०७८।०८।१४ | १,६७३। |
| ३ | ६७०-२०७९।०३।१७ | ५,११६। |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>४४,८२७।</td></tr></table></td><td></td></tr>
<tr><td>११६</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षकले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाबै सम्परीक्षण गराउनु पर्ने व्यबस्था छ ।यस पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम गरेका व्यहोरा अन्तिम लेखापरीक्षण गराउनु अगाबै सम्परीक्षण गराउनु पर्नेमा नगराएकोले यसै प्रतिबेदनमा निम्न अनुसार कायम गरीएको छ ।</td><td></td></tr>
<tr><td>११६<br>.१</td><td></td><td></td><td><table>
<tr><td>क्र.सं.</td><td>व्यहोरा</td><td>रकम</td></tr>
<tr><td>१</td><td>मर्मत खर्च - सार्वजनिक खरिद नियमावली 2064 को दफा 96(1) मालसमान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्विकृत गराउनपर्ने र दफा 96(3) मा पाँच हजार भन्दा माथिका पार्टपुर्जा फेर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यावस्था छ। तर आ.व 2078/79 मा यस पालिकाको कार्यालयमा रहेका सवारी साधनमा (डोजर,ट्याक्टर, मोटरसाइकल) रु. 36,32,377। र सबै वडाहरुमा रु.9,56,499।गरी जम्मा रु 45,88,876। खर्च गरेकोमा मर्मत कार्यको लागत अनुमान स्विकृत नगरेको र फेरीएका पार्टपुर्जा दाखिला नगरी भुक्तानी गरेको देखियो।यस्ता कार्यमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२</td><td>इन्धन खर्च - इन्धन खर्च गर्दा लगबुक समेत राखी खर्च गर्नु पर्दछ । तर यस आ.व 2078/79 मा रु. 40,89,485। को इन्धन खर्च भएको मा सो खर्च प्रमाणित गर्ने अद्यावधिक लगबुक तयार नगरी खर्च लेखेको देखिएकोले इन्धन खर्च लेख्दा लगबुक राख्ने व्यबस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३</td><td>अमानतबाट कार्य - सार्वजनिक खरिद नियमावली ,2064 को दफा 98 मा अमानतबाट कार्य गर्न सकिने व्ययवस्था छ । सोही नियमावलीको नियम 98(3)मा अमानतबाट कार्य गर्दा त्यस्तो कार्य एक लाख रुपैयामा नबढाइ गर्ने उल्लेख छ।तर पालिकाले आ.व 2078/79 मा अमानतबाट रु,14,09.306। बराबरको कार्य गराएको नियमित देखिएन ।</td><td></td></tr>
<tr><td>४</td><td>योजनाहरुको अनुगमन - स्थानीय सरकार संचालन ऐन 2074 को दफा 16(ख) मा उपाध्यक्षका काम कर्तव्य र अधिकारअन्तर्गत अनुगमन समितिको संयोजक रही योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन वैठकमा पेश गर्ने कुरा उल्लेख छ ।तर अनुगमन समितिले कुनैपनि योजनाको अनुगमन तथा सुपरिवेक्षण गरेको देखिएन।यसरी योजनाहरुको अनुगमन नगरी भुक्तानी गर्दा योजनाहरु समयमै सम्पन्न भए/भएनन् भन्ने कुरा यकिन गर्न नसकिएकोले अनुगमनलाइ चुस्त बनाउनतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>५</td><td>गो भौ नं. 31 (2078।08।09) पालिकासँग आफ्नै जे सडक सरसफाइ गर्नका लागि चाँदनी कन्सट्रक्सन प्रा. लि र निर्माण कन्सट्रक्सनलाइ कोटेसन मार्फत काम गराइ रकम भुक्तानि भएको छ।कार्यालयसगं आफ्नै एक वटा जे सि वि र एक वटा ट्याक्टर छदाछदै बाहिरबाट कोटेसन माग गरी भुक्तानि गर्न मनासिब देखिएन । यस्ता कार्य नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>११६<br>.२</td><td></td><td></td><td></td><td>७४,३२३</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>कृषि पूँजीगत</td><td></td></tr>
<tr><td>१</td><td>गो भौ नं १९ ( २०७९।०३।२४ ) सट्टासय निलपाल बाखापालन फर्मलाई साना व्यवसायि कृषि उत्पादन केन्द्र कार्यक्रम संचालन अन्तर्गत रकम रु ३१९०३०। भुक्तानि भएकोमा बासँ खरिद गर्दा प्रति गोँटा रु ४००। का दरले ३०० थान खरिद गरि रु १,२०,०००। हिरा सिह एडिलाइ बुझाएको छ तर बासँको मुल्य गाउपालिका दररेट अनुसार रु.३३२। कायम गरेकोले प्रति गोटा रु.६८। का दरले बढि भुक्तानि गरेकाले असुलउपर हुनुपर्ने रु</td><td>२०४००.०</td></tr>
<tr><td></td><td>गाउँपालिका चालु तर्फ</td><td></td></tr>
<tr><td>२</td><td>गो भौ नं १५३ ( २०७८।०८।१६ ) जे सि वि सवारी चालकलाई पारिश्रमिक बाहेक खाजा खाना वापत थप रकम दिने भन्ने का पा को निर्णय भए नियमित भुक्तानी भइ रहेकोमा वडा न ५ र ६ को सडक सरसफाइ गर्दा जे सि वि चालकले खाजा खाएको भनि बिल पेश भए अनुसार भोज वहादुर पाललाई भुक्तानी दिएकोले नपाउने भुक्तानी रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.</td><td>१९३९०.०</td></tr>
<tr><td></td><td>गाउँपालिका पुँजीगत</td><td></td></tr>
<tr><td>३</td><td>गो भौ नं. 266 (2079।03।22) घट्टिगाड खानेपानि योजनाको रकम भुक्तानि गर्दा प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु. 65,023। भुक्तानि हुनुपर्नेमा रु. 94,446। भुक्तानी गरेकोले बढी भुक्तानी हुन गएको रकम असुल गर्ने रु.</td><td>२९४३३.०</td></tr>
<tr><td></td><td>शसर्त चालु तर्फ</td><td></td></tr>
<tr><td>४</td><td>गो भौ नं. 394(2079।03।24) लघु उद्यम सहजकर्ताको नाममा समिक्षा तथा बैठक भत्ता वापतको रकम भुक्तानि भएकोमा सम्बन्धितको बुझेको भर्पाइ नभएकोले भुक्तानी भएको रकम असुलउपर गर्नुपर्ने रु.</td><td>५१००.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७४३२३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११६.३</td><td></td><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>कृषि पूँजीगत</td><td></td></tr>
</table>
</td><td>३,१३६,१५४</td></tr>
</table>

| | | |
|---|---|---|
| १ | गो भौ नं ६ ( २०७८।०९।२६ ) यस कार्यालय र सुजन पशुपालन तथा कृषि फर्मबिच २०७८।०८।०८ गते सम्झौता भई रु ९४१५६। भुक्तानि भएकोमा सम्झौतामा पव्लिक अडिट गराउने र अनुगमन गरेरमात्र भुक्तानि दिनुपर्नेमा पव्लिक अडिट नगरी भुक्तानि दिएको अनियमित खर्च रु. | ९४१५६.० |
| २ | गो भौ नं ८ ( २०७८।१०।०९ ) साना सिचाइ कार्यक्रम अन्तर्गत पार्वती कृषि तथा पशुपालन फर्मलाई भुक्तानि गर्दा सम्झौतानुसार पव्लिक अडिट गरेर भुक्तानी दिनु पर्नेमा सो प्रमाण पेश नगरी भुक्तानी दिएको नगरी भुक्तानि दिएको अनियमित खर्च रु. ९५३९६। | ९५३९६.० |
| | **गाउँपालिका चालु तर्फ** | |
| ३ | गो भौ नं २१ ( २०७८।०५।२४ ) कार्यालयको चिया नास्ता तथा बैठक वापत खर्च भएको भनी र खर्च लेखेकोमा बैठकका माइन्युट लगायतका कागजात संलग्न राखेको देखिएन । यसरी कुनै कार्यक्रममा खर्च लेख्दा खर्च पुष्ट्याई गर्ने कागजात संलग्न नराख्दा खर्च यकिन हुन नसकेको रकम नियमित गर्ने रु. | ८९९३०.० |
| ४ | गो भौ नं १५० ( २०७८।०८।१५ ) सार्वजननिक खरिद नियमावली 2064 को दफा 13(5) बमोजिम सार्वजनिक निकायले कुनै मालसमान मर्मत गर्दा लागत अनुमान तयार गरेर मात्र सवारी साधन मर्मत गर्ने र नियमावलीको दफा 96(3) बमोजिम प्रतिस्थापन गरेको सामान अनिवार्य रुपमा जिन्सी दाखिला गर्नुपर्ने प्रावधान भए पनि ए टु जेड टायर्सलाई रु. ४९३३६। भुक्तानि दिए पनि उक्त सामान दाखिला नगरी भुक्तानी दिएको छ ।त्यस्तै न्यु शिखर इन्टरप्राइजेजलाई रु. २,३५,३३५। भुक्तानि गर्दा भुक्तानी दिन पुरा गर्नु पर्ने कुनै प्रमाण कागजात पेश नभएकोले उक्त खर्च नियमित रु. | २८४६७१.० |
| | **गाउँपालिका चालुतर्फ** | |
| ५ | गो भौ नं १५१ ( २०७८।०८।१५ ) गा पा को टेक्टर मर्मत वापतको रकम उग्रतारा अटो सर्विसलाई भुक्तानि भएको देखियो । यसरि सवारि साधन मर्मत गर्दा मु अ कर दर्तावाला काम गराइ भुक्तानी दिनुपर्नेमा पान बिल मात्र लिएर कारोवार गरेको नियमित देखिएन रु. | ७६२३१.० |
| ६ | गो भौ नं. 217(2078।9।14) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन 2076 को दफा 28 (1) बमोजिम आफ्नो जिम्मामा आएको जिन्सि मालसमान एक हप्ताभित्र दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था भएकोमा सो प्रक्रिया पुरा गरी भुक्तानी दिएको प्रमाण बेगर भुक्तानी दिएको नियमसम्मत नभएको रु. | २०३००.० |
| ७ | गो भौ नं. 254 (2078।9।28) सार्वजननिक खरिद नियमावली 2064 को दफा 13(5) बमोजिम सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा लागत अनुमान तयार गरेर मात्र सवारी साधन मर्मत गर्ने र नियमावलीको दफा 96(3) बमोजिम प्रतिस्थापन गरेको सामान अनिवार्य रुपमा जिन्सी दाखिला गर्नुपर्ने प्रावधान छ। तर कार्यालयले मर्मत वाफतको रकम सिप्रदी ट्रेडिङ प्रा लि लाइ सो प्रक्रिया पुरा नगरि भुक्तानी दिएको नियमित नभएको रु | ११४०१६.० |

| | | |
|---|---|---|
| ८ | गो भौ नं. २८४ (2078।१०।११) सार्वजनिक खरिद नियमावली 2064 को दफा दफा 13(5) बमोंजिम सार्वजनिक निकायले कुनै मालसमान मर्मत गर्दा लागत अनुमान तयार गरेर मात्र सवारी साधन मर्मत गर्ने र नियमावलीको दफा 96(3) बमोजिम प्रतिस्थापन गरेको सामान अनिवार्य रुपमा जिन्सी दाखिला गर्नुपर्ने प्रावधान तर कार्यालयले मर्मत वाफतको रकम एम ए डव्लु अर्थ मुभर्सलाइ सो प्रक्रिया पुरा नगरि भुक्तानी नियससम्मत नभएको रु. | १२३२८३.० |
| ९ | गो भौ नं. 515 (2078।१2।29) सार्वजनिक खरिद नियमावली 2064 को दफा 85 (4) बमोजिम सार्वजनिक निकायले एक लाख रुपैया भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदासुचिमा कम्तीमा तिनवटा फर्मबाट लिखित रुपमा दरभाउ वा प्रस्ताव माग गरि खरिद गर्नुपर्ने व्यावस्था छ तर कार्यालयले दलित लक्षित कार्यक्रम अन्तर्गत फिल्टर खरिद वाफतको रकम लक्ष्मी ट्रेड एण्ड सप्लायर्सलाई सो प्रक्रिया पुरा नगरि भुक्तानी नियम सँगत नभएको रु. | ३६६६४४.० |
| १० | गो भौ नं. 51६ (2078।१2।29) सार्वजनिक खरिद नियमावली 2064 को दफा 85 (4) बमोजिम सार्वजनिक निकायले एक लाख रुपैया भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदासुचिमा कम्तीमा तिनवटा फर्मबाट लिखित रुपमा दरभाउ वा प्रस्ताव माग गरि खरिद गर्नुपर्ने व्यावस्था छ तर कार्यालयले दलित लक्षित कार्यक्रम अन्तर्गत फिल्टर खरिद वाफतको रकम लक्ष्मी ट्रेड एण्ड सप्लायर्सलाई सो प्रक्रिया पुरा नगरि भुक्तानी नियससम्मत नभएको रु. | ४९८३५६.० |
| ११ | गो भौ नं. ७४४ (207९।०३।२३) सार्वजनिक निकायले कुनै पनि सामान खरिद गर्नु पुर्व खरिद आदेश बमोजिम गर्नु पर्नेमा खरिद आदेश विनै चार वटा टायर खरिद गरेको साथ खरिदका सक्कल बिल बिना भुक्तानि भएको र दाखिला समेत नगरी न्यु शिखर इन्टुरप्राइजेजलाइ भुक्तानि गरेको रकम नियमसम्मत नभएको रु. | ५९०००.० |
| | **गाउँपालिका पूँजीगत तर्फ** | |
| १२ | गो भौ नं. 124 (2078।11।05) कुनै पनि सामान खरिद गरी रकम भुक्तानी गर्दा सोसँग आवस्यक खर्च पुष्टी गर्ने कागजात संलग्न रखुपर्नेमा तारजालि खरिद गरी रकम भुक्तानी गर्दा विना दाखिला एवम जाली बुझाएको भर्पाइ बेगर भुक्तानी दिएको नियमित नदेखिएको रु. | ४७९७५.० |
| १३ | गो भौ नं. 154 (2078।11।26) कार्यालयमा खरिद हुने कुनै पनि सामाग्रि PAMS मा अनिवार्य रुपमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा सो नगरि ओम प्रकास पन्तलाई खेलकुद सामाग्री वापतको रकम भुक्तानि दिएको नियमसंगत नभएको रु. | ६४०२४.० |
| १४ | गो भौ नं. 264 (2079।01।16) सार्वजनिक खरिद नियमावली, 2064 को दफा 98(३) बमोजिम अमानतबाट कुनैपनि कार्य गराउदा रु. एक लाख भन्दा बढी गर्न नहुने व्यवस्था रहेकोमा वडा न २ मा संचालित वसना सिचाइ निर्माण वापतको रकम लाल बहादुर चुनारालाइ अमानतबाट काम गरेको भनि भुक्तानि भएको रकम नियमसम्मत नभएको रु. | १२५७६९.० |

| | | |
|---|---|---|
| १५ | गो भौ नं. 335 अन्तरसरकारि अख्तियारिबाट संचालित कार्यक्रम बाट गरिवसँग विश्वेश्वरमा पोलिहाउस निर्माणका लागि अपुग रकम भनि खर्च लेखेको देखियो । यसरी बजेट खर्च गर्दा कार्यक्रम स्विकृत नगरी र एक शिर्षकको रकम बाट अर्को शिर्षकमा खर्च गर्न नमिल्ने भएकोले नियमसंगत नभएको रु. | ४८०००.० |
| १६ | गो भौ नं. 403 (2079।3।25) कुनै पनि सामाग्रि खरिद गर्नु पुर्व आवश्यकताका आधारमा माग फारम भरि खरिद गर्नुपर्ने र कोटेसन गर्दा सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ८५(4) बमोजिमको प्रकृया पुरा गरि खरिद गर्नुपर्ने व्यवस्था छ तर कार्यालयले वडा नं. 6 का लागी विभिन्न सामाग्रि खरिद गरेकोमा उक्त प्रकृया पुरा नगरी भुक्तानी दिएको नियमसम्मत नभएको रु. | ९९९८२.० |
| १७ | गो भौ नं. 412 (2079।3।25) सार्वजनिक खरिद नियमावली, 2064 को नियम 85(4) बमोजिम सार्वजनिक निकायले एक लाख भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा तीन वटा आपुर्तिकर्ता, निर्माण व्यवसायि, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउ पत्र वा प्रस्ताव माग गरि खरिद गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले उग्रतारा इन्फोटेकबाट Laptop I5 लगायत अन्य सामाग्रि खरिद गर्दा खरिद नियमावली उक्त प्रकृया पुरा नगरी खरिद गरेको नियमित नदेखिएको रु. | २०३९९९.० |
| | **शसर्त चालुतर्फ** | |
| १८ | गो भौ नं. 97(2078।10।26) कार्यालयमा आवस्यक पर्ने कुनैपनि खरिद गर्नुपुर्व आवस्यकताका आधारमा जिम्मेवार व्यक्तिबाट खरिद आदेश स्विकृत गरेर मात्र खरिद गर्नुपर्नेमा समैजी स्टेसनरी एण्ड पुस्तक पसलको विल 2078/5/10 मा जारी भएकोमा खरिद आदेश 2078।9।25 मा स्विकृत भएको आधारमा भुक्तानी गर्नु नियम सम्मत नभएको रु. | २३२३५.० |
| १९ | गो भौ नं. 251 सिन्धु वोहरा अवस्थिलाई फिल्ड किट वापत रु. 7,000। बरावरको सामान खरिद गरेकोमा थप सेवा सुविधा दिने भन्ने कुरा सम्झौतामा उल्लेख नभएकाले सो रकम दिन नियमसंगत नभएको रु. | ७०००.० |
| २० | गो भौ नं. 402(2079।03।25) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि, 2077 को 47(4) बमोजिम पेश्कि लिने व्यक्तिले काम सम्पन्न भएको पन्ध्र दिनभित्र सम्पन्न गरेको कामको सम्वन्धमा खर्च प्रमाणित गर्ने बिल भर्पाई संलग्न राखि समयमै पे फ गर्ने उल्लेख भएकोमा सो सम्बन्धी सबै कागजात बेगर विभिन्न बैठक भत्ता तथा अन्य कार्यक्रमको रकम सिन्धु वोहराको नाममा भुक्तानि भएकोमा नियमसम्मत नभएको रु. | ४०१०५०.० |
| २१ | गो भौ नं. 403(2079।03।25) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि 2077 को 47(4) बमोजिम पेश्कि लिने व्यक्तिले काम सम्पन्न भएको पन्ध्र दिनभित्र सम्पन्न गरेको कामको सम्वन्धमा खर्च प्रमाणित गर्ने बिल भर्पाई संलग्न राखि समयमै पे फ गर्ने उल्लेख भएकोमा अनुगमन मुल्याङकन तथा पुर्ण सरसफाई कार्यक्रमको रकम सिन्धु वोहराको नाममा भुक्तानि भएकोमा भर्पाइ संलग्न नराखी भुक्तानी नियमसंगत नभएको रु. | २९३१३७.० |
| | **जम्मा** | ३१३६१५४ |

११६.४

| क.सं. | व्यहोरा | रकम |
|---|---|---|
| | **कृषि चालु** | |
| १ | गो भौ न ६ ( २०७८।११।०१ ) मु अ कर नियमावली २०५३ को नियम ६ (ग) मा सरकारी कार्यालयमा पेश भएको मु अ कर बिलमा भुक्तानि हुने रकमको ३० प्रतिशत कट्टि गरि भुक्तानि गर्नुपर्ने व्यवस्था भएकोमा सो नगरेकोले त्यस वापत हुन आउने रकम रु ६७३०।समेत सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा समायोजन गरी दाखिला गरेको प्रमाण पेश हुन नआए भुक्तानी दिएको रकम अशुल हुनुपर्ने रु. | ६७३०.० |
| २ | गो भौ नं ३४ ( २०७९।०३।२४ ) मौरिपालन प्रवर्धनका लागी मौरि खरिद गर्न श्री अम्वेश्वरी बाखापालन तथा कृषक समुहलाई भुक्तानि दिनुपर्नेमा श्री जनक मडैको नाममा भुक्तानि भएको देखिएकाले उक्त फर्मले रकम पाएको यकिन नभएकाले उक्त फर्मलाई रकम बुझाएको बैक भौचर पेश गर्ने रु १,०५,०००। | १०५०००.० |
| | **स्वास्थ्य चालु** | |
| ३ | गो भौ नं ११ ( २०७८।११।१२ ) जेष्ठ नागरिकसँग अध्यक्ष कार्यक्रम अन्तर्गत झोला खरिद गरी हिकमत बहादुर कठायतलाई भुक्तानी भएकोमा झोला खरिदको विल समावेश गरी एकमुष्ट एक जनालाई बुझाएको देखिएकाले सम्बन्धित जेष्ठ नागरिकले उक्त सामाग्री बुझेको परिचय गराउने प्रमाण सहित बितरणका भर्पाइ पेश नभए बुझिलिने बाट अशुल गर्नुपर्ने रु. | १०७०४.० |
| ४ | गो भौ नं ३ पुजिगत ( २०७८।०७।२८ ) उपकरण खरिद वापतको रकम टंक प्रसाद पन्तलाई भुक्तानि दिएकोमा खरिद आदेश स्विकृत नगरेको र दाखिला प्रतिवेदन संलग्न नरहेकोले उक्त प्रमाण पेश नभए रकम बुझिलेनेबाट अशुल गर्नुपर्ने रु. | १३५५२.० |
| | **अजयमेरु गाउँपालिका चालु तर्फ** | |
| ५ | गो भौ नं ११ ( २०७८।०५।२२ ) सार्वजनिक खरिद नियमावली, 2064 दफा 96(3) बमोजिम उपकण वा पार्टपुर्जा खरिद गरेमा सार्वजनिक निकायले त्यस्तो मालसमान वा उपकरण जिन्सी दाखिला गराइ प्रती एकाइ रु पाँच हजार पर्ने उपकरण वा पार्टपुर्जाको अभिलेख राख्नुपर्ने र त्यस्तो पार्टपुर्जा प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराइ पुराना समान दाखिला गर्नुपर्ने व्यावस्था भएकोमा गाडि मर्मत गरी सिद्धराज चटौतलाई रु28056। भुक्तानी भएको देखिएकाले जिन्सी दाखिला प्रतिवेदन पेश गर्ने रु. | २८०५६.० |
| ६ | गो भौ नं ११७ ( २०७८।०७।२८ ) कार्यालयको गाडी हुदाहुदै व्यक्तिगत कामकाजका लागि गाडि भाडा लिइ रु.५५०००। भुक्तानी गर्दा भाडामा लिनुपर्ने कारण लगायत आवश्यक कागजात संलग्न नरहेकोले आबश्यक कागजात पेश गर्ने अन्यथा सम्बन्धित बाट असुल गर्ने रु. | ५५०००.० |
| ७ | गो भौ नं १६१ ( २०७८।०८।१७ ) खेलकुद तथा संस्कृति प्रवर्धनबाट वडा न २ मा खेलकुद संचालन गर्नका लागि भोज राज अवस्थिलाई रु ८८,६४०। भुक्तानि भएकोमा रु २०,०००।का भलिवल र जेट जालि र अन्य सामाग्रि खरिदको विल पेश भएकोमा खरिद आदेश तथा दाखिला प्रतिवेदन पेश नभएकोले पेश हुनुपर्ने रु. | २००००.० |

२,२५५,२४८

| | | |
|---|---|---|
| ८ | गो भौ नं २८२ ( २०७८।१०।११ ) ओम प्रकास पन्तलाई खेलकुद सामाग्रि खरिदका लागि रु ४९.०५३। भुक्तानि दिएकोमा खरिद आदेश तथा दाखिला प्रतिवेदन संलग्न नरहेको उक्त प्रमाण पेश हुनुपर्ने रु. | ४९०५३.० |
| ९ | गो भौ नं. ३५१ (2078।११।०५) बाखा खरिद गरि भगवति व्यवसायिक बाखा फर्मलाइ भुक्तानि हुनुपर्नेमा सन्तोष कुमार एरको नाममा भुक्तानि भएको देखिएकाले सम्वन्धित फर्मलाइ रकम बुझाएको भर्पाइ पेश गर्ने साथै बाखा वितरण गरेको फोटोहरु लगायत आबश्यक कागजात संलग्न गर्नुपर्ने रु. | १५१४९०.० |
| १० | गो भौ नं. ४७० वडा न २ को संस्कृति प्रवर्धनका लागि खेलकुद सामाग्री खरिद गरि सन्तोष कुमार एरलाइ १,४६,५००। भुक्तानि भएको देखिन्छ ।जसमध्ये रु. १९,९९०। को साउन्ड बक्स रु.१९५००। को गेम ड्रेस ,रु.२२५५०. बराबरको भलिवल नेट जालि खरिद भएकोमा संम्वन्धित फर्मलाई रकम बुझाएको भर्पाइ र सामाग्रि कार्यालयमा दाखिला नभएकोले सो अनुसार गरेको प्रमाण पेश हुनुपर्ने रु. | १४६५००.० |
| ११ | गो भौ नं. ४७१(2078।१२।११) बैजनाथ हार्डवयर एण्ड सप्लायर्सबाट तारजाली खरिद भएको छ । यसरी कार्यालयले कुनैपनि मालसमान खरिद गरेपछि दाखिला गरि सम्बन्धित बुझाएका व्याक्तीहरुलाइ भरपाइ गर्नुपर्नेमा नगरेकोमा भरपाइ पेश गर्ने अन्यथा असुलउपर गर्ने रु. | २३२६४१.० |
| १२ | गो भौ नं. 5९६ (207९।०३।०५) वडा न २ मा बाखा खरिद गर्दा भगवति कृषि तथा व्यवसायिक फर्मबाट खरिद गरेको बिल पेश भएको तर सम्वन्धित फर्मको नाममा भुक्तानि हुनुपर्नेमा गाउँपालिकामा कार्यरत कर्मचारिको नाममा भुक्तानि गरेको मनासिब नदेखिएकोले सम्वन्धित फर्मलाई रकम रु. ९४८१०। बुझाएको भर्पाइ पेश हुनुपर्ने रु. | ९४८१०.० |
| १३ | गो भौ नं. ७१६(207९।०३।२०) वडा न ३ को कार्यालयको व्वस्थापनका लागि टेकराज पनेरुलाई रु १,००,०००। भुक्तानि दिदा विभिन्न सामान खरिद भएको विल पेश भएको तर कुनै पनि सामान दाखिला भएको देखिएन उक्त मुल्यका सामान दाखिला गरी प्रमाण पेश हुनुपर्ने रु. | १०००००.० |
| | **प्रदेश पुजिगत तर्फ** | |
| १४ | गो भौ नं. 29 (2079।०३।२४) तल्लो चोरा खानेपानि योजना अन्तर्गत पेश भएका बिलहरुमा रु. 1,012। अग्रिम आयकर कट्टि नगरेकोले कर दाखिला गरि भौचर पेश गर्ने साथै बैजनाथ हार्डवेयरको रु, 46,315।भुक्तानी दिएकोमा सक्कल विल पेश नभएको रु. | ४७३२७.० |
| १५ | गो भौ नं. २६ (207९।०३।२४) कुनैपनि सामाग्री खरिद गर्नुपुर्व माग फारम भरि खरिद आदेश बनाइ खरिद गर्ने र सामान कार्यालयमा आइसकेपछि दाखिला गरी सम्वन्धित व्यक्तिलाई बुझाइ अभिलेख खडा गर्नुपर्दछ तर झोला खरिद गरी लक्ष्मी ट्रेड एण्ड सप्लायर्सलाई रकम भुक्तानी गर्दा सो बमोजिम नगरेकाले प्रमाण पेश नभए भुक्तानी दिएको रकम असुल गर्ने रु. | ९३५००.० |
| | **संघिय सरकारबाट हस्तान्तरित पुजिगततर्फ** | |

| | | |
|---|---|---|
| १६ | गो भौ नं. 155 (2079।01।09) वडा नं २ मा डेकुरेसन सामाग्रि खरिद गरि वेताल ट्रेड एण्ड सप्लायर्सको बिल पेश भएकोमा सन्तोष कुमार एरलाई भुक्तानि भएकोले सम्वन्धित फर्मले रकम पाए नपाएको यकिन नभएकाले सम्वन्धित फर्मको नाममा उक्त रकम जम्मा प्रमाण पेश हुनुपर्ने रु. | ७०९१४.० |
| १७ | गो भौ नं. 110(2079।03।25) मणिलेक माद्यामिक विद्यालयको खेलमैदान तथा पर्खाल निर्माणका लागि कोटेसन गरी एम के एण्ड कम्पनि प्रा लि लाई भुक्तानि भएकोमा लिखित रुपमा दरभाउ तथा प्रस्ताव माग गरेको पत्र पेश गरी कार्य सम्पन्न भए बराबरको मु अ कर विल पेश गर्नुपर्ने रु. | ७७२७०७.० |
| | शसर्त चालुतर्फ | |
| १८ | गो भौ नं. 154(2078।12।06) मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत झोला खरिद गरी सुधा व्याग हाउसको विल पेश भएकोमा झोला बुझेको भर्पाइ संलग्न राखेको पाईएन। यसरी खर्च पुष्टी गर्ने कागजात संलग्न नराख्दा वास्तविक खर्च भयो वा भएन र समान पाउनुपर्ने मान्छेले समान पायो वा पाएन भन्ने यकिन नभएकाले आवस्यक कागजात पेश हुनुपर्ने रु. | ३५९३४.० |
| १९ | गो भौ नं. 166(2078।12।14) लघु उद्यम कार्यक्रम अन्तर्गत कोटेसन मार्फत सिलाई मेसिन खरिद गरेकोमा लक्ष्मि ट्रेड एण्ड सप्लायर्सलाइ भुक्तानि भएको तर दाखिला र हस्तान्तरण फारम नहुदा कसलाई दियो भन्ने एकिन नभएकोले बुझाएको भर्पाई पेश गर्ने रु. | १७६२८०.० |
| २० | गो भौ नं. 341(2079।03।20) सिलाइ कटाई तालिम संचालन गरि मन्जु के सि लाई भुक्तानि भएकोमा विल भर्पाइ नभएको उक्त काम गरेको सक्कल प्रमाण पेश नभए भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १५३००.० |
| २१ | गो भौ नं. 369(2079।03।22) पकेट विकास कार्यक्रमको रकम तारा सिहंको नाममा बिना कुनै कागजात खर्च लेखेको देखियो, यसरी विना कागजात खर्च लेख्दा कुन कामका लागी कति खर्च भयो र वास्तविक काम सम्पन्न भयो वा भएन भन्ने यकिन नभएकाले आवस्यक प्रमाण पेश गर्ने अन्यथा असुलउपर गर्ने रु. | २९७५०.० |